





गाउँपालिका अध्यक्ष श्री पुर्नाराज घर्तीज्यूले गाउँसभामा पेश गर्नुभएको

## आर्थिक वर्ष २०८०/०८१ को

# 'नीति तथा वार्षिक विकास कार्यक्रम'

## पुथा उत्तरगङ्गा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## तकसेरा, रुकुम (पूर्वी भाग)

## लुम्बिनी प्रदेश, नेपाल

**मिति : २०८० ।०३ ।०७**

**पुथा उत्तरगङ्गा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

१. यस गरिमामय सभाको बैठकमा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको अध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय-समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सशस्त्र जनआन्दोलनका घाइते, वेपत्ता एवम् अपाङ्गहरू प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

३. नेपालको संविधान जारी भएपछि दोस्रो पटक सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । यसबाट जनतामा नयाँ उत्साहको सञ्चार हुनुका साथै संविधान कार्यान्वयन एवम् सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न महत्त्वपूर्ण योगदान पुगेको छ । यस अवसरमा म समस्त पुथा उत्तरगङ्गा गाउँबासीहरूलाई बधाई दिनुका साथै सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरूलाई कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

४. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवम् चुनौतिलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्ने र उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्दि सहितको सबल अर्थतन्त्र निर्माण गर्ने तर्फ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम निर्देशित गरेको छु । आमजनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत एवम् पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने तर्फ नीति तथा कार्यक्रम लक्षित गरेको छु ।

५. आगामी नीति तथा कार्यक्रम समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । प्रतिस्पर्धी क्षमता तथा तुलनात्मक लाभ उच्च भएका उत्कृष्ठ कृषक, उत्कृष्ठ प्रतिभा भएका युवा तथा जनतालाई स्थानीय तहभित्रै आर्थिक गतिविधिमा आबद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशीलता विकास गरी गरिबी न्यूनीकरण गर्ने, सार्वजनिक सम्पत्तिको जगेर्ना गर्ने तथा स्थानीय स्रोत र साधनको प्रभावकारी एवम् परिणाममुखी परिचालन गर्ने दिशामा नीति तथा कार्यक्रम उन्मुख रहेको छ ।

६. नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, पुथा उत्तरगङ्गा गाउँपालिकाको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य, संयुक्त सरकारको प्राथमिकता र साझा न्युनतम कार्यक्रम, स्थानीय सरकारको अघिल्ला नीति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्दान्त तथा प्राथमिकता उपर भएको छलफलको क्रममा कार्यपालिका सदस्यज्यूहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु । यसैगरी यस स्थानीय तहभित्रका विभिन्न राजनीतिक दल, साझेदार सङ्घ संस्था, विद्वत्वर्ग, आम नागरिक, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत् लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु ।

७. मैले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा जनअपेक्षालाई सम्बोधन गर्ने र अर्थतन्त्रमा देखिएका अप्ठेराहरू हटाई जनतामा आशा र भरोसाको सञ्चार गर्ने जिम्मेवारी बोध गरेको छु । राजनीतिक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, सङ्घ संस्था, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट अर्थतन्त्रमा देखिएका विद्यमान चुनौति सामना गर्दै नीति तथा कार्यक्रमले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

अब म नेपालको संविधान, नेपाल सरकारको "समृद्ध नेपाल:सुखी नेपाली" हुने दीर्घकालीन सोच र राष्ट्रिय आकांक्षा एवम् लुम्बिनी प्रदेश सरकारको "समृद्ध प्रदेश:खुसी जनता" र दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्दै पुथा उत्तरगङ्गा गाउँपालिकाको "समृद्ध पुथा उत्तरगङ्गा हाम्रो एकता; सुसंस्कृत र खुसी जनता"हुने दीर्घकालीन सोच र स्थानीय जनताको विकासको चाहनालाई परिपुर्ति गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा १६ को उपदफा ४ (क.३) मा उल्लिखित व्यवस्थाअनुसार आगामी आ.व. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

चालु आ.व. २०७९।०८० का चुनौति र अवसरलाई मनन् गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाउने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्विको आधार तयार गर्ने तर्फ जोड दिएको छु । सार्वजनिक स्रोतको समुचित तथा उपलब्धिमूलक परिचालन गर्नुका साथै उपलब्ध अवसर तथा लाभको समन्यायिक वितरण गरी धनी र गरीब बीचको खाडल कम गर्नुपर्ने आवश्यकता महसुस गरी नीति तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकता तय गरेको छु ।

**आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन् :**

क. अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्दि हासिल गर्ने,
ख. गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने,
ग. लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने,
घ. समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,
ङ. गुणस्तरीय भौतिक पूर्वाधार एवम् पूर्वाधारको दिगोपना,
च. सङ्घीयताको सबलीकरण र सुशासन कायम गर्ने,
छ. बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्दि गर्ने,
ज. पुथा उत्तरगङ्गा गाउँपालिकाको "समृद्ध पुथा उत्तरगङ्गा हाम्रो एकता; सुसंस्कृत र खुसी जनता"सोचलाई दीर्घकालीन पूर्ति गर्दै प्रदेश र सङ्घीय सरकारको सोचको उद्देश्य पूर्ति गर्ने,
झ. गुणस्तरीय शिक्षा एवम् स्वास्थ्यको पहुँचको प्रत्याभूति गराउने,
ञ. घरेलु तथा साना उद्योग एवम् सहकारी प्रवर्द्दन,
ट. कृषि र पशु क्षेत्रको विकास एवम् विस्तार र स्थानीय रैथाने बालीको प्रवर्द्दन एवम् बजारीकरण,
ठ. पर्यटन प्रवर्द्दन,
ड. वातावरणीय पर्यावरण, जडिबुटी तथा वन्यजन्तु संरक्षण एवम् विपद् व्यवस्थापन,
ढ. लैङ्गिक समानता कायम गर्ने,
ण. पुथा उत्तरगङ्गा गाउँपालिकाको भाषा तथा संस्कृतिको जगेर्ना गर्ने ।
त. यस गाउँपालिकाका नागरिकलाई सूचना प्रविधि क्षेत्रको पहुँचमा पुऱ्याउने ।

**माथि उल्लेखित उद्देश्यअनुसार नीति तथा कार्यक्रमका प्राथमिकताहरू निम्नानुसार रहेका छन् :**

क. आर्थिक सुधार एवम् निजी क्षेत्रको प्रवर्द्दन,
ख. कृषि, उद्योग, वाणिज्य,
ग. श्रम, रोजगार, सहकारी, उर्जा र पर्यटन क्षेत्रको विकास,
घ. लगानी प्रवर्द्दन, स्थानीय रैथाने बालीहरूको बजारीकरण,
ङ. सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता)को विकास र सामाजिक न्याय एवम् सामाजिक सुरक्षा,
च. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,
छ. गुणस्तरीय सडक, पुल एवम् सिँचाई कुलोको निर्माण एवम् विस्तार,
ज. खानेपानी तथा सरसफाई,
झ. फोहोरमैला व्यवस्थापन,
ञ. राजश्व चुहावट प्रणालीमा सुधार र अर्थतन्त्रको प्रवर्द्दन,
ट. वन, वातावरण तथा वन्यजन्तु एवम् जडिबुटीको संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन,
ठ. सुशासन तथा मानव संशाधन लगायत संस्थागत विकास र रोजगारी सिर्जना,
ड. वित्तीय सङ्घीयताको सुदृढीकरण एवम् सार्वजनिक वित्त प्रणालीमा सुधार र सेवा प्रवाहमा सुधार सम्बन्धी नीतिहरू,
ढ. सूचना प्रविधि र सञ्चारको विकास एवम् विस्तार,
ण. खाद्य सुरक्षा एवम् पोषण,
त. स्थानीय स्रोत साधनको जगेर्ना,

पुथा उत्तरगङ्गा गाउँपालिका

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

- ❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति प्रणालीमा सुधार एवम् बजेटको प्रभावकारिता सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. आगामी आ.व.देखि ठूलो सङ्ख्यामा आयोजना र कार्यक्रम समावेश गरी स्रोत साधन छर्ने प्रवृत्तिमा सुधार गर्न क्षेत्रगत प्राथमिकता भित्र पनि ठूला तथा रणनीतिक महत्त्वका, छिटो प्रतिफल दिने र बहुसङ्ख्यक जनताले लाभ प्राप्त गर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई बजेट विनियोजन गरिने नीति लिएको छु ।

२. विस्तृत सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति लगायत पूर्व तयारी पूरा भई कार्यान्वयनमा जान सक्ने आयोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने नीति लिएको छु । विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति लगायतका प्रक्रिया सम्पन्न भई साइट क्लियरेन्स सुनिश्चित भएका तथा खरिद योजना स्वीकृत भएका आयोजनाको मात्र ठेक्का सम्झौता गर्ने व्यवस्था मिलाइनेछ ।

३. खरिद प्रक्रियामा देखिएका समस्या समाधान गरी सार्वजनिक खरिदलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन ऐन र नियमावली निर्माण एवम् आवश्यक परिमार्जन गरी यसलाई प्रभावकारी ढङ्गले प्रयोगमा ल्याइनेछ । सार्वजनिक खरिदलाई सरल, पारदर्शी र प्रभावकारी बनाउनका निमित्त सङ्घीय सरकारले निर्माण गरेको सार्वजनिक खरिद अनुगमन कार्यालय मार्फत प्रयोगमा आएको ई-विडिङ प्रणालीलाई थप प्रभावकारी ढङ्गले अनिवार्य प्रयोगमा ल्याइनेछ ।

४. यस गाउँपालिकामार्फत आगामी आ.व. का लागि विनियोजन गर्ने बजेट अनुत्पादक क्षेत्रका आयोजनामा नभई उत्पादनशील क्षेत्रमा परिचालन हुने प्रकृतिको नीति निर्माण गरेको छु । जसले स्थानीय स्रोत साधनको उच्चतम प्रयोग हुनुका साथै रोजगारीको अवसर प्राप्त भई आयमा वृद्दि हुने अनुमान गरेको छु ।

५. सडक, विद्यालय, स्वास्थ्य संस्था लगायतका आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी सोका आधारमा बहुसङ्ख्यक जनता लाभान्वित हुने गरी आयोजनाको छनौट र कार्यान्वयन गरिनेछ । यसरी विकासका कार्यहरूमा लक्षित वर्ग (महिला, दलित, विपन्न नागरिक, पिछडिएका वर्ग, अल्पसङ्ख्यक यौनिक) समेतका आवश्यक सुझावहरूलाई ध्यानमा राखि प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।

६. यस पुथा उत्तरगङ्गा गाउँपालिका भौगोलिक विकटता एवम् पर्यटकीय क्षेत्रको निकै सम्भावना बोकेको गाउँपालिका हो । लुम्बिनी प्रदेशकै एकमात्र हिमाली जिल्लाअन्तर्गत भौगोलिक विकटताका साथै जिल्लाभित्रका स्थानीय तहहरूमध्ये पिछडिएको क्षेत्र मानिने यस गाउँपालिकाले विगतका दिनदेखि पूर्ण रूपमा दरबन्दी अनुसारका कर्मचारी पाउन सकिरहेको अवस्था छैन । भौगोलिक विकटताकै कारण कर्मचारी आउन नमान्ने, आएता पनि लामो समय नबस्ने जस्ता समस्याले यस गाउँपालिकाको कार्यसम्पादनमा कठिनाइ भएको र सोहि कठिनाइका बावजुद सीमित जनशक्तिमा कार्यसम्पादन गरिरहेको यस गाउँपालिकामा कार्यरत कर्मचारीहरूलाई आफ्नो पद, श्रेणी एवम् स्तरका आधारमा कर्मचारीहरूको मनोबल वृद्दि गराई कार्यसम्पादनमा थप प्रभावकारीता हासिल गर्ने उद्देश्यले प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ता लगायतका भत्ताहरूको निरन्तरताका लागि आवश्यक मापदण्ड निर्माण गर्ने नीति लिएको छु ।

७. सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारी एवम् कर्मचारीहरूलाई स्वीकृत मापदण्डको आधारमा इन्धन वापत नगद नै प्रदान गर्ने व्यवस्था मिलाइनेछ । सरकारी सवारी साधनको सञ्चालन एवम् व्यवस्थापनमा हुने बढ्दो खर्च नियन्त्रण गर्न सरकारी सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारी एवम् कर्मचारीहरूलाई सवारी साधनको सट्टा तोकिएको मापदण्डको आधारमा एकमुष्ट रुपमा नगदै प्रदान गर्ने व्यवस्थाको सुरुवात गरिनेछ ।

८. सरकारका नियमित संरचनाबाट सम्पादन हुने कामका लागि अलग्गै संरचना वा निकाय सिर्जना गर्न र परामर्श सेवा लिन तथा स्वीकृत दरबन्दी भन्दा बढी सङ्ख्यामा सेवा करार लिन नपाइने व्यवस्था गरिनेछ ।

९. यस गाउँपालिकामा रहेका पुराना र प्रयोगविहीन सवारी साधन लगायतका अन्य औजार एवम् उपकरणहरू आगामी आर्थिक वर्षभित्र लिलाम एवम् लिलाम बिक्री गरिनेछ ।

१०. आगामी आर्थिक वर्षको अन्त्यसम्ममा यस पुथा उत्तरगङ्गा गाउँपालिकाको गरिब, बेरोजगार, शिक्षा, स्वास्थ्य, भू-उपयोग, आवास, पर्यटन, खानेपानी, उर्जासम्बन्धीका सम्पूर्ण विवरण खुल्ने खालको गाउँपालिकाको पहिचानसहितको प्रोफाइल निर्माण गर्ने नीतिको प्रस्ताव गरेको छु।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धनतर्फका नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. अर्थतन्त्रको संरचनागत रूपान्तरण गर्न आर्थिक सुधार कार्यक्रम अगाडि बढाइने छ। यो सुधार मूलत: व्यवसायको लागत घटाई अर्थतन्त्रमा प्रतिस्पर्धात्मक क्षमताको विकास, कार्यकुशलता अभिवृद्दि, संस्थागत सुदृढीकरण, स्वदेशी र विदेशी पर्यटकहरूको आकर्षणको विकास, सूचना प्रविधि तथा नवप्रवर्तन, निजी क्षेत्रलाई आर्थिक विकासको संवाहक बनाउनेतर्फ सुधार निर्देशित हुनेछ। यसैगरी व्यवसायमैत्री वातावरण सिर्जना गरी पर्यटक एवम् निजी क्षेत्रको मनोबल बढाइने र उत्पादन र उत्पादकत्व वृद्दि गर्न विषयगत क्षेत्रगत रूपमा नीतिगत सुधारको प्रस्ताव गरेको छु।

२. स्थानीय स्तरमा उत्पादन हुने रैथाने बाली, उद्यम विकासका क्षेत्रबाट निर्मित स्थानीय स्रोत एवम् साधनहरूको अनिवार्य प्रयोग गरी सो सामाग्रीलाई व्यवस्थित तरिकाले खरिद बिक्रीको कार्य गर्नका निमित्त सङ्कलन केन्द्र एवम् बजारीकरण गर्नका लागि आवश्यक मापदण्ड निर्माण गर्ने नीति लिएको छु। यसैगरी स्थानीय भाषा, कला तथा संस्कृतिको जगेर्ना, पर्यटकीय क्षेत्रहरूको संरक्षण एवम् प्रवर्द्दन गरी आन्तरिक पर्यटकको आवागमनलाई वृद्दि गर्ने नीति लिएको छु।

३. मुलुकको अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका समस्या तथा चुनौतिको समाधान तत्कालै र एकै पटक सम्भव नभएपनि सुधारका लागि आवश्यक शुरुवात गरेको छु। प्राथमिकीकरण नगरी साना आयोजनामा स्रोत साधन छर्ने प्रवृत्ति रोक्ने प्रयासका बाबजुद सीमित स्रोत तथा बढ्दो माग र अपेक्षाका कारण पूर्ण रूपमा रोक्न सकिएको छैन। आगामी आर्थिक वर्षमा कार्यक्रम र आयोजनाको औचित्य तथा आवश्यकताको सघन समीक्षा गरी बजेट प्रणालीमा थप सुधार र पुनर्संरचना गर्ने नीति अपनाइनेछ।

पुथा उत्तरगङ्गा गाउँपालिका

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को कृषि तथा पशुसेवा लगायत लगानी प्रवर्द्धन एवम् स्थानीय रैथाने बालीहरूको बजारीकरण सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- **"कृषि जीवनको आधार"** भन्ने कुरालाई स्मरण गर्दै पुथा उत्तरगङ्गा गाउँपालिकाका ८० प्रतिशत भन्दा धैरे नागरिकको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रलाई निर्वाहमुखीबाट आधुनिक एवम् व्यवसायिक बनाउँदै उत्पादित कृषि उपजहरुको बजारिकरणको माध्यमबाट आम नागरिकको आर्थिक स्थिति सबल बनाउन गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० देखि"**शहीद स्मृति कृषि कार्यक्रम**"मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेकोमाआगामी आर्थिक वर्षमा यस कार्यक्रमलाई पुन: निरन्तरता दिइनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिका ओखर, स्याउ, आलु, सुन्तला, किवी, कागती तथा टिमुर लगाएतका फलफुल एवम् नगदेवालीको उत्पादनको लागि अत्यन्तै सम्भावना बोकेको क्षेत्र हो । यस्ता कृषि उपजहरुको उत्पादन प्रवर्द्धन गर्न **उत्पादनमा आधारित प्रोत्साहन अनुदान** कार्यक्रम कार्यान्वयन गरिनेछ । पुथा उत्तरगङ्गा गाउँपालिकाभित्रका सम्पूर्ण शहीद परिवारका सन्ततिहरू, सशस्त्र द्वन्द्वका घाइते, अपाङ्ग तथा वेपत्ताका प्रति परिवारहरूलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान वितरणका लागि आवश्यक मापदण्ड निर्माण गरि प्रभावकारी कार्यान्वयन गरिनेछ भने गाउँपालिकाभित्र स्याउ खेती गर्ने कृषकले स्याउको बगैचाभित्र अनिवार्य रूपमा जडिबुटि खेती गर्न गाउँपालिकामार्फत बिउ वितरण गरी खेती विस्तारका लागि कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिकाभित्रका कृषकहरूले उत्पादन गरेका विभिन्न फलफुल एवम् नगदेबालीहरूको उचित सङकलन र भण्डारण गरी उत्पादित कृषि उपजहरुको बिक्री वितरणमार्फत स्थानीय आर्थिक वृद्दि हासिल गर्दै रोजगारीको अवसर दिलाउन गाउँपालिकाको वडा नं. १२ अन्तर्गत क्यूबाङमा एक सङकलन, भण्डारण र चिस्यान केन्द्रको स्थापनाका लागी प्रदेश र सङ्घीय सरकारसँग आवश्यक पहल गरिनेछ भने सुन्तलाको सुरक्षित भण्डारण गर्न वडा नं ८ र १४ र स्याउको सुरक्षित भण्डारण गर्न वडा नं. २ मा भण्डारण र चिस्यान केन्द्र स्थापनाका लागि प्रदेश र सङ्घीय सरकारसँग पहल गरिनेछ ।
- पुथा उत्तरगङ्गा गाउँपालिकालाई कृषि क्षेत्रमा आधुनिकीकरण एवम् व्यवसायिक बनाउँदै यस क्षेत्रको कृषि बजारीकरणमा फड्को मार्न कृषकको मागको आधारमा साना मेशिनरी औजार वितरण गर्दै उनिहरुको दक्षता अभिवृद्धि गर्न यस पालिकामार्फत कृषकहरूलाई प्रयोगात्मक क्रियाकलापमा आधारित तालिम तथा गोष्ठिहरू सञ्चालन गर्दै उत्कृष्ठ कृषि उत्पादन क्षेत्रहरुमा अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था समेत गरिने छ ।
- पालिका भित्रको मुख्य खाद्यानको बालीको रुपमा रहेको मकै, गहुँ, जौँ, उवा, कोदो, फापर, चिनो, कागुनो, भटमास, हिमाली धान खेतिलाई प्रोत्साहन र आत्मनिर्भर बनाउन मकै, गहुँ, जौँ, कोदो, फापर, चिनो, कागुनो, भटमास, हिमाली धान बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै खाद्य तथा पोषण सुरक्षा,कृषि वातावरणको विविधीकरण गरी पालिका भित्रका समुदायहरुमा कुपोषण र गरिबी उन्मूलन गर्न रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- कृषि योग्य भूमिको पहिचान वर्गीकरण र संरक्षण गर्दै खेती प्रणालीमा चक्लाबन्दीको नीति अवलम्बन गर्दै भूमि बैङ्कको अवधारणा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ भने गाउँपालिका भित्रका भुमिको माटो परीक्षण कार्यलाई अभियान कै रूपमा सञ्चालन गर्दै दुर्गम तथा पिछडिएका क्षेत्रमा सम्भाव्य बेमौसमी तरकारी बाली उत्पादन कार्यका लागि कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।

- पालिका भित्रको मुख्य तरकारी तथा दलहन बालीको रुपमा रहेको सिमी, आलु, सागसब्जी जस्ता खेतिलाई प्रोत्साहन र आत्मनिर्भर बनाउँदै बाह्य तरकारी एवम् दलहन बालीको आयातमा रोक लगाउँदै उत्पादित तरकारी तथा दलहन बालीको निर्यातमा वृद्दि गर्न तरकारी एवम् दलहन बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ।
- यस क्षेत्रलाई व्यवसायिक कृषि उत्पादनको केन्द्र बनाउन अघिल्लो आवमा स्थापित ओखर तथा स्याउ पकेट क्षेत्रहरुलाई स्तरोन्नति र निरन्तरता गर्दै आगामी आवमा थप ओखर तथा स्याउ पकेट क्षेत्र स्थापना गरिनेछ भने पशुजन्य उत्पादनलाई बढावा दिन आगामी आर्थिक वर्षदेखि "**बाख्रा पकेट विकास कार्यक्रम**"लाई निरन्तरता गरिनेछ।
- तरकारी उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन "**तरकारी बीउ उत्पादन कार्यक्रम**"सञ्चालनमा ल्याइनेछ। गाउँपालिकाको मौलिक र प्राङ्गारिक उत्पादनलाई प्रोत्साहन गर्न सञ्चालन गरिएको "**रैथाने बाली प्रवर्द्धन कार्यक्रम**"लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ।
- कृषकहरुको उत्पादनलाई बजारीकरणमा सहजीकरण गर्न गाउँपालिकाले नै निश्चित मापदण्डको आधारमा कृषि उपजको सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ। हाल गाउँपालिकामा गठित विभिन्न कृषक समूह, सहकारीहरु र व्यक्तिगत फर्म बीच प्रतिस्पर्धात्मक रुपमा कृषि उत्पादनमा जोड दिन प्रोत्साहन गरिनेछ भने त्यस्ता समूह, सहकारी र व्यक्तिहरुलाई सक्षम र सबल बनाउन व्यावसायिक तालिम उपलब्ध गराइनेछ।
- यसैगरी च्याउ तथा मौरीको उत्पादन प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ। यस गाउँपालिकाको विभिन्न भेगमा प्रचुर मात्रामा पाइने जडिबुटीहरुको खेतालाई जोड दिँदै आवश्यक अनुदान सहायता कार्यक्रम सञ्चालन गरिनेछ। साथै जडिबुटीहरूको प्रशोधन गरी राजश्व सङ्कलनलाई बढाउन जडिबुटी प्रशोधन केन्द्र स्थापनाको लागि गाउँपालिकाले विशेष भूमिका निर्वाह गर्दै प्रदेश र सङ्घ सरकारसँग आवश्यक पहल गरिनेछ।
- आर्थिक वर्ष २०७९/०८० देखि **निशुल्क पशुपञ्छी विमा कार्यक्रम** कार्यान्वयन गर्दै पशुपञ्छीहरुमा लाग्ने रोगहरुको निराकरण गर्न विभिन्न समयमा गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा **घुम्ती शिविर सञ्चालन** गरिनेछ भने गाउँपालिकाको पशु सेवा शाखामा भेटेरिनरी प्रयोगशालालाई सुदृढ गर्दै लगिनेछ। यसैगरी नश्ल सुधारको लागि उन्नत बोका वितरण गरिनेछ भने भैसी, भेडा तथा बङ्गुरको उत्पादनलाई प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- परम्परागत रुपमा पालन गरिदैं आएको पशुपन्छीपालन पेशालाई आधुनिकीकरण गर्दै व्यावसायिक र आत्मनिर्भर बनाउनका लागि पशुपन्छीपालनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। गाउँपालिका भित्र रहेका विकट वडा तथा बस्तिहरूलाई पशु प्राविधिकहरुको पहुँचसम्म पुऱ्याउनका लागि "**किसानसँग पशु प्राविधिक कार्यक्रम**" सञ्चालन गरिनेछ।
- पशुपन्छीपालक किसानका लागि आधारभुत भेटेरिनरी सेवा, महामारी रोग नियन्त्रण, बाँझोपना निवारणको लागि पशु स्वास्थ्य शिविर र पशुपन्छीको लागि आवश्यक निशुल्क खोपको व्यवस्था गरिनेछ। पशुपन्छीमा लाग्ने विभिन्न रोगहरु पहिचान गरी उपचार गर्न यस गाउँपालिकाभित्र आधारभुत पशुपन्छी रोग अन्वेषण प्रयोगशाला स्थापना गर्न आवश्यक पहल गरिनेछ। साथै हाल पशुपञ्छी महामारीको रूपमा फैलिएको लम्पि स्किन रोग नियन्त्रणको लागि गाउँपालिकाअन्तर्गतका २ वटा सेवा केन्द्रहरूलाई थप सक्रिय बनाई प्रभावकारी सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
- पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय प्रवर्द्धन गर्नुका साथै नश्ल सुधारका लागि उन्नत जातका पशुहरुको व्यवस्था गरिनेछ। साथै यस पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ६ मा स्थापना भएको बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
- अण्डा, मासु र दुधमा आत्मनिर्भर हुन पशुपन्छीजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथामिकताका साथ कार्यान्वयन गर्दै सम्भावित क्षेत्रहरुमा नमुना भेडा फर्म, बाख्रा फर्म, कुखुरा फर्म, बंगुर फर्म,गाईभैसी फर्महरु तथा

समितिहरुलाई प्रोत्साहन गर्ने खालका नमुना कार्यक्रमहरु सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार र साझेदार निकायहरुसँगको सहकार्यमा सन्चालन गरिनेछ।

- कृषकहरुसँगको लागत साझेदारीमा माटो व्यवस्थापन तथा बगैँचा सुधार कार्यक्रम, सिँचाई मर्मत सम्भार कार्यक्रम, बेमौसमी तथा नविनतम कृषि प्रविधि कार्यक्रम तथा श्रोत बीँउ उत्पादन जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। यसैगरी मागको आधारमा कृषकहरुलाई मौसमी फलफुलका बिरुवा र उन्नत जातको बीँउ निशुल्क उपलब्ध गराईनेछ।
- पशुपञ्छीहरुमा लाग्ने रोग नियन्त्रणको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने साथै रोग नियन्त्रणको लागि आवश्यक औषधिहरुको व्यवस्था गरिनेछ। कृषकको मागको आधारमा पशुपञ्छीहरु सम्बन्धी बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। पशुपञ्छीहरुमा लाग्ने रोगहरुको बारेमा चेतना अभिवृद्धि गराउन विभिन्न वडाहरुमा कृषकहरुलाई र विद्यालयहरुमा विद्यार्थीहरुलाई सचेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै पशु प्राविधिकहरुको क्षमता विकासको लागि विभिन्न क्षमता विकास तालिममा सहभागी गराइनेछ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को उद्योग, वाणिज्य र उद्दमशीलतासम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नागरिकहरुलाई नेपालको संविधानले प्रदत्त गरेको उपभोक्ताको हक सुनिश्चित गर्न बजारको नियमित अनुगमन गर्ने, अखाद्य वस्तुको विक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्ने, कालोबजारी नियन्त्रण गर्ने र खाद्य संस्थानसँग आवश्यक समन्वय र पहल गरी खाद्यान्नको पर्याप्त आपुर्ति र भण्डारको व्यवस्था गरिनेछ।
- लघु तथा घरेलु उद्योगबाट गाउँपालिकाभित्रका नागरिकलाई रोजगारीमा जोड्दै आर्थिक उन्नतिको लागि सञ्चालनमा आएका लघु, घरेलु तथा साना उद्योगलाई गाउँपालिकाको दायरामा ल्याई प्रोत्साहन गरिनेछ। साथै नयाँ लघु, घरेलु तथा साना उद्योग दर्ता र नवीकरणको लागि आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ। यसलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउनका लागि गाउँपालिकामा छुट्टै एउटा शाखाको स्थापना गरी कर्मचारी व्यवस्थापन गर्ने नीति लिएको छु।
- गाउँपालिकामा लघु उद्यमको विकास एवम् प्रवर्द्धन गर्न लघु उद्यम विकास कार्यक्रम मार्फत विभिन्न नयाँ उद्यमीहरु सिर्जना गर्दै लगिनेछ भने पुराना उद्यमीहरुलाई पुनर्ताजगी तालिम उपलब्ध गराईनेछ। युवाहरुमा उद्यमशीलता प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ। साथै उद्यमी समूहहरुलाई प्रविधि हस्ताण्तरण गरिनेछ।
- यस गाउँपालिकाभित्र पर्याप्त मात्रामा रहेका भेडाको ऊन, बाख्राको ऊन, अल्लो, निगालो र बाँसको चोया जस्ता कच्चा पदार्थहरू गाउँपालिकाका प्रमुख स्थानीय स्रोत एवम् साधनहरू हुन्। यस्ता कच्चा पदार्थहरूबाट परम्परागत रूपमा निर्माण गरिने विभिन्न खालका जस्तै : राडिपाखी, सोल, बख्खु, चोयाबाट बन्ने डोको, लम्जा, राँग्या, कोदोम, फ्याँके, मान्द्रो, सुपो र अल्लोबाट बन्ने गाडा लगायतका सामाग्रीहरूको संरक्षण एवम् संवर्द्दन गर्नुका साथै नवप्रवर्तन तर्फ जोड दिंदै यस्ता कच्चा पदार्थबाट निर्मित सामाग्रीहरूलाई गाउँपालिकाको चिनारी हुनेगरि उत्पादन र बिक्री वितरण एवम् बजारीकरणका लागि आवश्यक पहल गरिनेछ।

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को सहकारी एवम् वित्तीय क्षेत्र र श्रम तथा रोजगार सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- स्थानीय सरकार सञ्चालन ऐनले प्रदत्त गरेको अधिकार साथै सहकारी ऐन र नियमालीमा भएको व्यवस्था अनुसार पुथा उत्तरगङ्गा गाउँपालिकामा दर्ता भएका सहकारीहरुलाई स्थानीय उत्पादन प्रवर्द्धनमा लगानि गर्न पहल गरिनेछ। साथै सहकारी मोडेलमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।
- यस गाउँपालिकाभित्र दर्ता भई निष्क्रिय रूपमा सञ्चालन भएका सहकारीहरूलाई सक्रिय सञ्चालनको लागि आवश्यक पहल गरिने छ । साथै गाउँपालिकाले यसअघि निर्माण गरेको स्थानीय सहकारी ऐन, २०७५ लाई सहकारीहरू आकर्षित हुनेगरी थप संशोधन गरिनेछ।
- पूर्ण रुपमा सहकारीहरूलाई गाउँपालिकाको नियमनको पहुँचमा पुर्‍याउने गरी एउटा छुट्टै शाखाको स्थापना गरिनेछ। जसबाट सहकारी क्षेत्रको उद्देश्य परिपूर्ति भई गाउँपालिकाको वित्तीय सुशासनको उद्देश्य हासिल हुने प्रक्षेपण गरेको छु।
- गाउँपालिकाभित्रका सहकारीहरुको यथार्थ अवस्थाको बारेमा तथ्याङ्क सङ्कलन गरी यस गाउँपालिकाका नागरिक लगायत शहिद तथा बेपत्ता परिवार, घाईते तथा अपाङ्गहरुलाई सहकारीसँग आवद्ध गरी रोजगारी सिर्जना गर्न आवश्यक पहल गरिनेछ। जसबाट नागरिकहरूको आयआर्जनमा वृद्दि भई समग्र गाउँपालिकाको वित्तीय क्षेत्रको विकास हुनेछ।
- दोस्रो मुलुकको मारमा परि नेपालमा फर्केका गाउँपालिकाभित्रका बेरोजगार युवाहरूलाई श्रम सहकारी एवम् उपभोक्ता समिति दर्ता प्रक्रियाको लागि आवश्यक मापदण्ड निर्माण गरी स्वरोजगार बनाउन आवश्यक पहल गरिनेछ।
- गरिब तथा वञ्चितीकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप आगामी वर्षमा गाउँपालिकाको केन्द्रमा सुपथ मूल्य सहकारी पसल स्थापना गरिनेछ। नेपालको संविधानले प्रदत्त गरेको मौलिक अधिकारको धारा ३३ को व्यवस्था बमोजिम गाउँपालिकाका प्रत्येक नागरिकलाई रोजगारीको हकको प्रत्याभूति दिलाइनेछ।
- आर्थिक समृद्धिको प्रमुख वाधक तत्व बेरोजगारीलाई कम गरी गरिबी निवारण गर्न आ.व. २०७८/०७९ सुरु गरिएको शहीद स्मृति रोजगार कार्यक्रम लाई निरन्तरता दिइनेछ।
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा गाउँपालिकाभित्रका बेरोजगार व्यक्तिहरुलाई सिपमुलक तालिमहरु उपलब्ध गराईनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र शहीद स्मृति रोजगार कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ। यसैगरी यसको प्रभावकारिता वृद्धि गर्न सङ्घीय सरकारसँगको साझेदारीमा औजार तथा सुरक्षा सामग्रीहरुको व्यवस्थापन गरिनेछ।
- सङ्घीय सरकारबाट हस्ताण्तरित लघु उद्यम विकास कार्यक्रममार्फत गाउँपालिकाका नागरिकहरूलाई विभिन्न सीपमूलक कार्यक्रमको आयोजना गरिनेछ। यसलाई थप व्यवस्थित बनाउँदै प्रभावकारी बनाइनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत यस गाउँपालिकामा सञ्चालित विभिन्न योजनाहरूको रकम सङ्घीय सरकारको मापदण्ड बमोजिम सूचीकृत कामदारहरूको व्यक्तिगत खातामा वा उनीहरूको हातैमा नगद हस्तान्तरण माध्यमबाट भुक्तानी गरिनेछ। जसबाट सार्वजनिक प्रशासनको पारदर्शिता कायम रहनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमार्फत विगतका दिनदेखि छनौट भएका योजनाहरू श्रममुखी मात्र भएकोमा आगामी आर्थिक वर्षदेखि दिगो र प्रभावकारी एवम् परिणाममुखी योजना छनौट गर्नुपर्ने नीति लिएको छु। यसैगरी हालसम्म कार्य भएका योजनाहरूलाई दिगो, प्रभावकारी र परिणाममुखी बनाउन गाउँपालिकाबाट लागत साझेदारी गरी निर्माण सामाग्री खरिद कार्यलाई कार्यान्वयन गरिनेछ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को लघु, साना जलविद्युत एवम् वैकल्पिक उर्जा सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- यस पुथा उत्तरगङ्गा गाउँपालिका जलविद्युत क्षेत्रको दृष्टिकोणले निकै सम्भावित क्षेत्र हो। यस गाउँपालिकाभित्र रहेका विभिन्न हिमनदीहरू जस्तै : उत्तरगङ्गा नदी, सानोभेरी नदी र रन्माली नदी बाट जलविद्युत उत्पादनको लागि विस्तृत सम्भाव्यता अध्ययन भई कामकाजको प्रक्रियामा रहेका त्यस्ता जलविद्युत आयोजनाहरूलाई थप प्रभावकारी बनाइ छिटो भन्दा छिटो विद्युत उत्पादन गरिनेछ। साथै यस्ता नदीहरूका केही भागबाट थप विद्युत उत्पादन गर्ने विस्तृत सम्भाव्यता अध्ययन गरी आफ्नै स्थानीय स्रोत साधनद्वारा उत्पादित विद्युत यस गाउँपालिकामा खपत भई बढी हुने विद्युतलाई बिक्री वितरण गरि समग्र गाउँपालिकाको वित्तीय क्षेत्रको विकास गरिनेछ भने हुकाम-मैकोट तामागार जलविद्युत लाईन विस्तार गर्न आवश्यक पहल गरिनेछ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र सञ्चालनमा रहेका विभिन्न लघु तथा साना जलविद्युतहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ। त्यस्ता जलविद्युतहरूको मर्मत सम्भार एवम् क्षमता विस्तारको लागि आवश्यक अनुदान सहयोगको व्यवस्था गरिनेछ। साथै गाउँपालिकाको वडा नं. १० मा रहेको विद्युतको क्षमता विस्तारका लागि आवश्यक बजेटको प्रबन्ध हुने नीति लिएको छु। जसले गर्दा गाउँपालिकाको प्रशासनिक कामकाज र स्थानीय बासीहरुको जीवनयापनमा सहजता हुने अनुमान गरेको छु।
- यस गाउँपालिकालाई विद्युतको केन्द्रीय प्रशारणको लाइनसँग जोड्न सम्बन्धित निकायले ठेक्का प्रक्रिया सम्पन्न भई कामको सुरुवात गरिसकेको र सो कार्यलाई छिटो, छरितो एवम् व्यवस्थित तरिकाले सम्पन्न गराउनका लागि गाउँपालिकामार्फत विशेष पहल गरिनेछ।
- गाउँपालिकाका अधिकांश क्षेत्रमा सौर्य तथा जलविद्युत उर्जाको पहुँच पुर्‍याइने छ। जसका लागि निर्मित विद्युत संरचनाको लाईनको विस्तार गर्दै लगिनेछ भने भौगोलिक विकटताले विद्युतको पहुँचमा पुर्‍याउन कठिनाइ हुने कठिन भूगोलका क्षेत्र एवम् अति विपन्न परिवारहरुलाई अनुदान स्वरुप सोलार सेटहरू उपलब्ध गराइनेछ।
- गाउँपालिका क्षेत्रमा थप उर्जाको उत्पादन बढाउन वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग आवश्यक समन्वय गरिनेछ। साथै यस गाउँपालिकाको वडा नं. ११ अन्तर्गत सानोभेरी उत्तरगङ्गा साना जलविद्युत परियोजना (९९८ किलोवाट) को निर्माण कार्य हाल अलपत्र अवस्थामा रहेको बेहोरा अवगत नै छ। सो परियोजना निर्माण कार्यलाई प्रभावकारी रूपले अगाडि बढाउनका लागि आवश्यक छलफल र पहल गरिनेछ।

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को पर्यटन सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नेपालको एकमात्र ढोरपाटन शिकार आरक्षको करिब ६० प्रतिशत भुभाग रहेको यस गाउँपालिका पर्यटनको क्षेत्रमा अत्यन्तै सम्भावना बोकेको क्षेत्र हो। पुथा हिमाल र उत्तरगङ्गा नदीको बीचमा रहेका विभिन्न भौगोलिक विविधता र विषमता, उच्च पहाडी र हिमाली हावापानी, खोलानाला तालतलैया र वन पैदावारहरु, हिमाली पदमार्गहरु र आदिवासी जनजाती मगर

समुदायको रीतिथीति तथा संस्कृति एवम् रहनसहन पर्यटक आकर्षण गर्ने प्रमुख आधारहरु हुन। यी विषयहरुलाई मध्यनजर गर्दै पर्यटन प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा **वृहत पर्यटन गुरुयोजना** तयार गरिनेछ।

- मगर समुदायहरूको कला संस्कृति, भेषभूषा, भाषा र परम्परालाई झल्काउने गरी निकट भविष्यसम्म यसको अस्तित्व कायम राखी आन्तरिक तथा बाह्य पर्यटनको आकर्षणको क्षेत्र बनाउन आगामी आर्थिक वर्षमा यस गाउँपालिकाको वडा नं. १० स्थित ऐतिहासिक तक गाउँका घरमा रहेका टिनको छानाहरूलाई विस्थापित गर्न घरमा रहेका पुराना टिनको छानाको क्षतिको प्राविधिक मूल्याङ्कन प्रतिवेदनको आधारमा गाउँपालिकामार्फत क्षतिपूर्ति बेहोर्ने गरी टिन विस्थापित घरहरूलाई परम्परागत शैलीमा निर्माण गरिनेछ। साथै तक, हुकाम र मैकोट लगायतका बस्तिहरूमा आगामी आर्थिक वर्षदेखि ढलान र टिनको घर निर्माण नगर्न त्यस समुदायका जनताहरूलाई प्रोत्साहित गरिनेछ।
- पर्यटनको प्रचुर सम्भावना बोकेका क्षेत्रहरुलाई आवश्यक प्रचार प्रसार गर्न नसक्दा सधै ओझेलमा परिरहेका छन। यसकारण गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुको बारेमा जानकारी दिन **पर्यटन डकुमेन्ट्री** तयार गरिनेछ। साथै बागलुङको ढोरपाटन उपत्यकालाई तकसेरासँग सडक सञ्जालले जोड्न थप पहल गरिनेछ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाको गौरवको रुपमा वडा नं ५ रिसल्लामा एयरपोर्ट निर्माणको लागि सम्भाव्यता अध्ययन भईसकेकोले निर्माण कार्य प्रारम्भ गर्नको लागि सम्बन्धित निकायमा थप पहल गरिनेछ भने वडा नं. १० तक स्थित महेन्द्र मा वि चेवाङ चौर देखि डैवारी हुँदै भ्याली थाम सम्मको पर्यटन पदमार्ग, काजरजङ-टिपइ, अरभिपा, थाँकुर-ढोरपाटन पर्यटन पदमार्ग,  दुले-जुनाङ-जाजा-क्यूजा र दोगाडी हुँदै पुथा हिमाल सम्म पर्यटन पदमार्ग र वडा नं १३ स्थित विर्गुम हिल पार्कको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ।
- पर्यटकहरुलाई सहजताको लागि गाउँपालिकाका विभिन्न पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सिग्नल बोर्डहरु राखिनेछ भने पर्यटन पदमार्ग निर्माणको कार्यलाई निरन्तरता दिइनेछ। यसैगरी गाउँपालिकाअन्तर्गत वडा नं. १२ क्यूबाङमा निर्माणाधीन अवस्थामा रहेको गाउँपालिकाको पहिचानसहितको स्मारिका निर्माण कार्यलाई निरन्तरता दिइनेछ। यसैगरी गाउँपालिकाको वडा नं ४ मा रहेको दोंस्ओं खोँच र गुल्जा झरना, वडा नं ३ स्थित सुन्दह राक्सेको संरक्षण र संवर्द्धन गरिनेछ।
- जनयुद्दको क्रममा माओवादी छापामारहरूको पहिलो एम्बुसद्वारा प्रहरीको थ्रि नट थ्रि राइफल कब्जा भएको क्षेत्र गाउँपालिकाको वडा नं. १२ क्यूबाङमा ऐतिहासिक युद्ध पर्यटन स्थलको रूपमा सिग्नल बोर्ड राखिनेछ। साथै जनयुद्ध कालमा नेपालकै पहिलो ऐतिहासिक सफल एम्बुस भएको स्थान वडा नं. ११ स्थित छेरपाङ्गामा सिग्नल बोर्ड राखी पर्यटक आकर्षणका लागि थप व्यवस्थित गरिनेछ भने माओवादी छापामारहरूद्वारा वडा नं. १० स्थित तकसेरा प्रहरी चौकी कब्जा भएको स्थानमा पनि पर्यटन सिग्नल बोर्ड राखि घटनास्थलमा रहेका भग्नावशेषहरूलाई संरक्षण एवम् संवर्द्दन गरिनेछ। साथै यस गाउँपालिकाका विभिन्न क्षेत्रहरूमा शहीदहरूको सम्झनामा शहीद पार्क, स्मारिका र शहीद गेटहरू निर्माण र कुइंजाचरईमा ५ जना मारिएको स्थान र वडा नं ८ स्थित खारामा ६ जना मारिएको स्थानलाई संरक्षण र संवर्द्दन, यस गाउँपालिकाको प्रथम शहिद भर घर्तिको सम्झनामा शहीद गेट निर्माण गरी पर्यटकहरूको आकर्षण गरिनेछ। यसका साथै जनयुद्दको क्रममा प्रयोग भएका विभिन्न स्थानहरू जस्तै : तालिम केन्द्र, नेपालको सबैभन्दा उच्च हिमालमा जनयुद्दको क्रममा शहीद भएको ठाउँ चौरी खर्क ओडार र विभिन्न बसोबास गरेका ओडारहरू, गुरिल्ला पैदल मार्ग र बैठक तथा भेला भएका स्थानहरूको पहिचान गरी सिग्नल बोर्ड राखिनेछ।
- तकसेरालाई पर्यटकीय क्षेत्रमा पर्वर्द्दन गरी यस गाउँपालिकाको पहिचान हुनेगरी गरी तकसेरा बस्तीमा 'तकसेरा' नाम गरेको View Point निर्माण गरिनेछ।
- यस पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र रहेका विभिन्न जडिबुटिजन्य पदार्थहरूको संरक्षण र संवर्द्दन गर्न र जडिबुटि खेतीलाई थप प्रभावकारि रूपमा विस्तार गर्दै पर्यटन प्रवर्द्दनमा थप टेवा पुग्ने उद्देश्यका साथ डिभिजन वन कार्यालय, रुकुम पूर्वको

लागतमा यस गाउँपालिकाभित्र सञ्चालनमा रहेको जडिबुटि उद्यान केन्द्रको संरक्षण एवम् परिचालन कार्यलाई प्रभावकारी बनाइ कार्यान्वयन गरिनेछ ।

- यस गाउँपालिकामा भरिपूर्ण मात्रामा उब्जनी हुने खाद्य तत्व, तरकारी एवम् फलफुलहरू जस्तै : स्याउ, ओखर, किवी, मकै, कोदो, फापर, गहुँ, जौँ, चिनो कागुनो, आलु, दाल, सिमी जस्ता बालीहरूलाई अर्गानिक रूपमा उत्पादन गरी आन्तरिक एवम् बाह्य पर्यटकहरूलाई गाउँपालिकाभित्रै उत्पादन भएको परिकारहरू अनिवार्य रूपमा खुवाउनुपर्ने नीति लिएको छ ।
- स्वास्थ्य पर्यटन प्रवर्द्दनको निकै सम्भावना बोकेको वडा नं. २ अन्तर्गत पेल्मा तातापानी, ढुङ्गेताल र झुण्डेझाँक्रि, खैंगैरा तामाखानी, वडा नं. ६ अन्तर्गत डिम्मुरगैरा तातापानी, वडा नं. २ र ३ सीमानामा पर्ने फुलमुइजा तातापानी पर्यटन परदमार्ग र वडा नं. १३ अन्तर्गत ओख्मा तातापानी, वडा नं १३ स्थित तासे गुफा, विर्गुमखानी र जांगर छहरा, वडा नं ५ स्थित नम्छैं गों (जलपा ताल), वडा नं स्थित रक्त कुण्डल दह, प्रभु गुफा रक्त कुण्डल दह, लालपाटन हुँदै डोल्पा जोड्ने पर्यटन पदमार्ग, वडा नं ११ को छेरपाङ्गा गुफा र वडा नं १२ अन्तर्गत सुन गुफा, वडा नं १४ स्थित डिग्रे हरित पार्क र वडा नं १० को तकदेखि गम्नइ नर्सिङ रामाझिमा पर्यटन पदमार्गको संरक्षण र प्रवर्द्दन गर्दै पर्यटकहरूको आकर्षणलाई बढाउन प्रचारप्रसार गरिनेछ ।
- मगरहरूको उत्पत्ति भएको वडा नं २ पेल्माको तिमाजर भिरको संरक्षण र प्रवर्द्दन गर्न सिग्नल बोर्ड राखिनेछ ।
- गाउँपालिकाको विभिन्न क्षेत्रहरूमा रहेको गुरिल्ला पदमार्ग र यार्सा ट्रेललाई व्यवस्थित गर्दै लगिनेछ भने पर्यटकहरुको गन्तव्य, खानपान र आवास लगायत सुरक्षा क्षेत्रलाई मध्यनजर गर्दै रिसोर्ट, होटेल, व्यक्तिगत र सामुदायिक होमस्टे निर्माण, सञ्चालन एवम् व्यवस्थापन कार्यलाई जोड दिँदै निरन्तरता गरिनेछ ।
- **"आर्थिक सुधारका लागि पर्यटन प्रमुख आधार"**भन्ने अभिभाराका साथ गाउँपालिकाभित्र रहेका विभिन्न पर्यटकीय क्षेत्रहरूको सम्पूर्ण विवरण सहितका प्रचारप्रसारमूलक सामाग्रीहरूको उपलब्धता हुनेगरी गाउँपालिका केन्द्रमा पर्यटन डेस्क स्थापना गरिने प्रस्ताव राखेको छु । जसले गर्दा स्वदेशी तथा विदेशी पर्यटकहरूको आवागमनको मात्रामा वृद्दि भई समग्र गाउँपालिकाको आर्थिक सुधारमा टेवा पुग्ने र पर्यटकहरूको नयाँ ठाउँमा हुने अन्यौलता कम भई व्यवस्थित अभिलेख रहने अनुमान गरेको छु ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाको भाषा, कला, संस्कृति, विभिन्न धर्म र रीतिरिवाजमा रहेको विविधता यहाँको विशेषता हो । विभिन्न समुदायहरुबीचको आत्मियताले झनै यस्ता विशेषताको महत्त्व झल्काएको छ । यस्ता विभिन्न कला तथा संस्कृतिहरुलाई संरक्षण एवम् सम्वर्द्धन गर्दै पर्यटनसँग जोड्न आवश्यक पहल गरिने छ । मगर समुदायको प्रमुख पर्व भुम्या, माघे संक्रान्ती लगायत चाडहरु र यहाँको मौलिक भाषालाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।
- यस पुथा उत्तरगङ्गा गाउँपालिकामा परम्परागत रूपमा रहँदै आएको संस्कृतिलाई झल्काउने खालका साँस्कृतिक महोत्सव सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ भने सो को संरक्षणको लागि संग्रहालय निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को शिक्षा, यूवा तथा खेलकुद क्षेत्रसँग सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- विद्यार्थी मैत्री शैक्षिक पूर्वाधार, आधुनिक प्रविधिको उच्चतम प्रयोग, दक्ष र योग्य शैक्षिक जनशक्ति तथा अनुशासन र स्वमूल्यांकनको माध्यमबाट शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउन पुथा उत्तरगङ्गा गाउँपालिकाले आव २०७८/०७९ देखि सञ्चालन गर्दै आएको "शहीद स्मृति शैक्षिक विकास कार्यक्रम अन्तर्गत उच्च तथा प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान सहायकता कार्यक्रम"लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै निरन्तरता दिइनेछ ।
- **"प्रयोग गरौ आ- आफ्नो बौद्धिक शक्तिः उत्पादन गरौं पालिका भित्रको जनशक्ति"** भन्ने आदर्श वाक्यसँगै गाउँपालिका भित्रका स्थायी व्यक्तिहरुलाई अतिरिक्त कक्षा सञ्चालन कार्यविधि, २०८० को परिधिभित्र रहि लोक सेवा,

शिक्षक सेवा आयोग पूर्व तयारी कक्षा, अध्यापन अनुमति पत्र, SEE दिएका विद्यार्थीहरुका लागि सेतु पाठ्यांश (BRIDGE COURSE) तथा आधारभूत कम्प्युटर कोर्स जस्ता अतिरिक्त कक्षा सञ्चालन गरिनेछ।

- विभिन्न सामुदायिक विद्यालयहरुमा गठित बालक्लवहरुलाई सक्रिय बनाउन अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। विद्यार्थी र युवाहरुलाई चौतर्फि ज्ञानको विकास गराउन आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरु तथा युवाहरूमा भएको प्रतिभा खोज तथा यस गाउँपालिकाको पहिचानमा योगदान पुऱ्याएका विद्यार्थीहरू र युवाहरूलाई सम्मान कार्यक्रम सञ्चालन कार्य अगाडी बढाइनेछ।
- पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा बाट निर्माण भई शैक्षिक वर्ष २०८० देखि कार्यान्वयनमा आएको कक्षा १-८ "**हाम्रो पुथा उत्तरगङ्गा**" नामक स्थानीय पाठ्यक्रमलाई शैक्षिक वर्ष २०८१ मा कक्षा २ र कक्षा ७ मा पाठयपुस्तक निर्माण गरि कार्यान्वयन गरिनेछ।
- पुथा उत्तरगङ्गा गाउँपालिका आदिवासी जनजाति समुदायको कला, संस्कृति र आफ्नै परम्पराले भरिपूर्ण गाउँपालिका हो। यस गाउँपालिकाको अधिकांश मगर समुदाय रहेको कुरालाई शिक्षा क्षेत्रमा विशेष जोड दिँदै आगामी आर्थिक वर्ष २०८०।०८१ देखि गाउँपालिकाका १४ वटै वडाका सामुदायिक विद्यालयहरूमा मातृभाषा "**मगर खाम**" मा आधारित पाठ्यक्रम तय गरी कार्यान्वयन गरिनेछ।
- नेपाल सरकारको नीति तथा कार्यक्रमको "**एक स्थानीय तह : एक प्राविधक शिक्षा**" भन्ने लक्ष्यलाई उच्च प्राथमिकतामा राख्दै यस गाउँपालिकाभित्र रहेको श्री महेन्द्र माध्यमिक विद्यालयमा कक्षा ९-१२ सम्म पशु विज्ञान कार्यक्रम सञ्चालनको लागि सङ्घ तथा प्रदेश सरकार समक्ष आवश्यक प्रकिया पुरा गर्न आवश्यक पहल गरिने साथै यस गाउँपालिकाको शैक्षिक स्तर उकास्न शिक्षा संकाय अन्तर्गत स्नातक कक्षा सञ्चालानर्थ भौतिक पूर्वाधार तथा अनुमतिका लागि सम्बन्धित निकायमा पहल तथा प्रक्रिया अगाडी बढाइनेछ।
- सबै शिक्षक तथा कर्मचारीहरुको पोसाकमा एकरुपता ल्याउन गाउँपालिका करार शिक्षकहरुलाई समेत पोसाक भत्ताको रकम उपलब्ध गराउने व्यवस्था मिलाईनेछ। साथै बालविकास शिक्षक तथा कर्मचारीहरुलाई दिईँदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिई विद्यालयका विद्यालय सहयोगीहरुको पारिश्रमिक थप गर्ने नीति लिएको छु।
- ५७ वटा बालविकास केन्द्रहरुमा शैक्षिक सामग्रीहरुको व्यवस्थापनसँगै बालविकास शिक्षकहरुलाई पेसागत दक्षता सम्बन्धि पुनर्ताजगि तालिमको व्यवस्था गरिनेछ। यसका साथै गाउँपालिका भित्रका विद्यालयहरुमा शैक्षिक उपलब्धि वृद्दि तथा विद्यालयमा गुणस्तर सुधारको लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक, कर्मचारी तथा सरोकारवालाहरुको लागि शैक्षिक गतिविधि बारेमा विभिन्न तालिम, गोष्टि तथा सेमिनारहरु सञ्चालन गरिनेछ।
- शिक्षा क्षेत्रमा काम गर्ने निकाय तथा व्यक्तिहरु सँग **''पुथा उत्तरगङ्गाबासीको एकमात्र चाहानाः शैक्षिक रुपान्तरण हामी सबैको कामना''**भन्ने मूल नारा लाई आत्मासाथ गरी शिक्षण सिकाइ सहजीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय तहदेखि नै समाज र राष्ट्रप्रति समर्पित, सिर्जनशील र अनुशासित नागरिक तयारीका लागि विद्यार्थीहरुलाई अनुशासन, सक्रिय तथा शिक्षा प्रति अभिरुचि पैदा गर्न सहज बनाउने अभिलाषाको साथ् **एक माध्यमिक एक स्काउट ट्रुप कार्यक्रम सञ्चालनार्थ**, आगामी आर्थिक वर्षदेखि यस गाउँपालिकाअन्तर्गत कक्षा १-१२ सञ्चालित विद्यालय श्री महेन्द्र मावि तकसेरा, श्री पर्वत मावि कोल, श्री देउराली मावि हुकाम र श्री पुथा हिमालय मावि मैकोटमा कार्यान्वय गर्ने व्यवस्था मिलाईनेछ।
- शैक्षिक जनशक्तिलाई दक्ष र योग्य बनाउन विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, लेखा सम्बन्धी कर्मचारीहरु, शिक्षक तथा बालविकास सहजकर्ताहरुलाई विभिन्न प्रकारका व्यावसायिक र क्षमता विकास तालिमहरु उपलब्ध गराईनेछ।

पुथा उत्तरगङ्गा गाउँपालिका

- बालबालिकालाई बालमैत्री पूर्वाधारहरुमा पठनपाठन गराउन बाल विकास केन्द्रहरुलाई व्यवस्थित गरिनेछ भने अन्य विद्यालय पूर्वाधारहरुलाई विद्यार्थी मैत्री बनाउँदै लगिनेछ। यसैगरी गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा पुस्तकालय, डिजिटल ल्याब तथा प्रयोगशालाहरु निर्माण गर्दै लगिनेछ।
- १ देखि ५ कक्षासम्म विद्यार्थीहरुलाई विद्यालयमा आकर्षित गर्न र शैक्षिक गतिविधिहरुमा टिकाई राख्न दिवा खाजा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। विद्यालयमा अनिवार्य रूपमा स्थानीय तहभित्र उत्पादित खाद्य पदार्थबाट विभिन्न परिकारहरू निर्माण गरि दिवा खाजा खुवाउने नीति लिएको छु।
- गाउँपालिकास्तरीय सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम सञ्चालन तथा उत्कृष्ट खेलाडि छनौट र खेलाडि सम्मान कार्यकम्रलाई निरन्तरता दिइनेछ। उत्कृष्ट विद्यालय प्रअ, शिक्षक तथा विद्यार्थी छनोट मापदण्ड निर्माण गरी छनोट तथा प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याई शिक्षक तथा विद्यार्थीहरुलाई उत्प्रेरित गरिनेछ।
- कक्षा ५ को वार्षिक परीक्षा वडा शिक्षा समिति मार्फत सञ्चालन तथा व्यवस्थापन र कक्षा ८ को वार्षिक परीक्षा गाउँ शिक्षा समिति मार्फत सञ्चालन तथा व्यवस्थापन गरी परीक्षा सञ्चालन तथा मूल्याङकन प्रणालिलाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाउँदै लगिनेछ।
- अति विपन्न, दलित, शहीद परिवार तथा द्वन्द्व पीडितका बालबालिका, यौनिक तथा अल्पसङ्ख्यक समूहका लागि यस गाउँपालिकाले दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि वार्षिक रूपमा सङ्ख्या निर्धारण गरी जनशक्ति उत्पादन गर्न लागु गरेको छात्रवृत्ती अनुदान सहायता कार्यक्रमलाई आवश्यक मापदण्ड निर्माण गरी निरन्तरता दिइनेछ। गाउँपालिका भित्रको शैक्षिक गतिविधि सञ्चालन तथा सम्प्रेषण गर्न शैक्षिक वर्षको शुरु तिर प्रकाशन गरिने शैक्षिक क्यालेन्डरलाई निरन्तरता दिदै शैक्षिक दर्पण प्रकाशनको लागि आवश्यक कार्य प्रक्रिया अगाडि बढाइनेछ।
- शैक्षिक संस्थाहरुको भौतिक संरचना, शैक्षिक गुणस्तर र व्यवस्थापकीय पक्षको नियमित अनुगमन गरी शैक्षिक उपलब्धिको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ। शिक्षा क्षेत्रलाई परिवर्तन गरी उत्पादनमा अभिभावक तथा विद्यार्थीहरुलाई सक्रिय बनाउन यस गाउँपालिका भित्रका १४ वटै वडाहरुमा अभिभावक शिक्षा, साक्षरता शिक्षा र उत्पादन मूलक कार्यक्रम प्रति जागरुक बनाउने अभियान सञ्चालन गरिनेछ।
- शैक्षिक संस्थाहरुलाई विद्यार्थीमैत्री बनाउँदै लगिनेछ भने आगामी आ.व.२०८०/०८१ मा पुराना शैक्षिक संस्थाहरुको मर्मत सम्भार गर्ने र नयाँ संरचनाहरु निर्माण गरिनेछ। यसैगरी समग्र शिक्षा क्षेत्रको विवरण झल्काउन शैक्षिक स्मारिका प्रकाशन गरिनेछ।
- आ.व.२०८०/०८१ देखि सम्पूर्ण विद्यालयहरुले आफ्नो त्रैमासिक प्रगति प्रतिवेदन नियमितरुपमा गाउँकार्यपालिकामा पेश गर्नुपर्ने नीति लिईनेछ जसलाई सम्बन्धित विद्यालयका कर्मचारीको कार्यसम्पादनसँग जोडी मूल्याङ्कन गरिनेछ।
- उत्कृष्ट विद्यालय तथा शैक्षिक संस्था र अन्य पक्षहरुको स्थलगत भ्रमण तथा अवलोकन गरी सो क्षेत्रका असल अभ्यासहरुलाई गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउन विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक वा शिक्षक कर्मचारीहरुलाई शैक्षिक भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को स्वास्थ्य सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- स्वस्थ जनशक्ति समृद्ध राष्ट्र निर्माणको आधार हो। नेपालको संविधानले प्रदत्त गरेको स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गर्दै आफ्ना नागरिकहरुलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउन पुथा उत्तरगङ्गा गाउँपालिका तत्पर रहि आएको छ

। जनताको घरसम्मै आधारभुत स्वास्थ्य सेवाको प्रवाह मार्फत जनताको स्वास्थ्य स्थिति सबल बनाउँन गाउँपालिकाले आव २०७९/०८० देखि सञ्चालन गर्दै आएको **शहीद स्मृति स्वास्थ्य कार्यक्रम**लाई निरन्तरता दिँदै थप कार्यक्रमहरु सञ्चालन गरिनेछ जसमार्फत **जनताले महसुस गर्ने** गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ । यसैगरी सशस्त्र जनयुद्धका घाइते, अपाङ्ग एवम् शहीद एवम् वेपत्ता परिवारका सदस्यहरू, सुत्केरी र जेष्ठ नागरिकलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्धता कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै एम्बुलेन्स सेवालाई थप प्रभाहमूखी बनाउन गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन एवम् व्यवस्थापन कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा सम्पुर्ण नागरिक सम्म पुर्याउनको लागि गाउँपालिकाले आर्थिक वर्ष २०७८/२०७९ देखी सहिद स्मृति स्वास्थ्य कार्यक्रम अन्तर्गत जनयुद्धका घाइते, अपाङ्ग र शहीद तथा वेपत्ता परिवारका सदस्यहरू लगायत गाउँपालिकाभित्रका घाइते,अपाङ्ग,विपन्न परिवार र स्वास्थ्य संस्थामा पहिलो सन्तानको रूपमा छोरी जन्माउने आमाको लागि निशुल्क स्वास्थ्य वीमा सञ्चालन गर्दै आइरहेकोमा आगामी आर्थिक वर्ष २०८०।०८१ मा पनि यस कार्यक्रमलाई निरन्तरता दिइनेछ भने उच्च रक्तचाप, मधुमेह, मृगौला खराबी लगाएतका जटिल रोगहरुको समयमै पहिचान गर्न साथै गर्भवती तथा सुत्केरी आमाको स्वास्थ्य जाँच, बालबालिकाहरुमा कुपोषणको अवस्था, अपाङ्ग तथा ज्येष्ठ नागरिकको स्वास्थ जाँच जस्ता नियमित स्वास्थ्य सेवाहरु प्रवाह गर्न डाक्टर सहित **घुम्ती स्वास्थ्य शिविर** सञ्चालनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाभित्रका गर्भवती आमाहरुलाई नियमित स्वास्थ्य निगरानीमा राख्न चालु आर्थिक वर्षदेखि **गर्भवतिसँग उपाध्यक्ष कार्यक्रम** सञ्चालन हुँदै आएकोमा आगामी आ व मा यस कार्यक्रमलाई निरन्तरता दिँदै गर्भवति महिलाहरूको निरन्तर जाँच, निशुल्क ल्याब, घुम्ती अल्ट्रासाउण्ड एवम् उपचार लगाएतका सेवाहरु उपलब्ध गराईनेछ साथै गर्भवतीहरु महिलाहरूलाई आवश्यक पर्ने क्याल्सियम तथा भिटामिन घरघरमै उपलब्ध गराईनेछ । सामुदायिक स्वास्थ्य संस्थागत प्रसूतिलाई प्रोत्साहन गर्दै शून्य होम डेलिभरी घोषणा गर्ने कार्यक्रमको सुरुवातको लागि स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयं सेविका र आमा समूहका सदस्यहरूको भूमिका प्रभावकारी बनाउन प्रोत्साहन गर्ने नीति तथा उहाँहरुको क्षमता अभिवृद्दि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै सुनौला हजार दिनका आमाहरुलाई पोषणजन्य सामग्रीहरु र फोनबाटै पोषण परामर्श र मनो परामर्श दिने व्यवस्था मिलाईनेछ ।
- विद्यालयहरुमा किशोरीहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी पर्याप्त मात्रामा निशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिनेछ भने किशोरी मैत्री पूर्वाधार निर्माण गर्न आवश्यक पहल गरिनेछ । गाउँपालिकाका हरेक क्षेत्रहरुलाई चेली मैत्री बनाउँदै लगिनेछ । सार्वजनिक तथा अन्य स्थलहरुमा महिला तथा किशोरीहरुलाई पर्ने जस्तासुकै अफ्ठ्यारामा सहायताको लागि चालु आर्थिक वर्षदेखि सुचारु **चेलीसँग उपाध्यक्ष कार्यक्रमलाई** प्रभावकारी कार्यान्वयन गरी हटलाईन मार्फत गुनासो सम्बोधन गर्ने वातावरण मिलाईनेछ । यसैगरी किशोरी अवस्थामा आउने आकस्मिक परिवर्तनहरुको बारेमा उनीहरुलाई परामर्श सेवा उपलब्ध गराईनेछ ।
- हरेक जनताले गुणस्तरीय स्वास्थ्य सेवाको महसुस गर्नेगरी पर्याप्त औषधि एवम् औषधिजन्य सामानहरुको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका सबै भेगलाई समेट्ने गरी प्राथमिक स्वास्थ्य केन्द्र, कोल, तकसेरा आधारभूत अस्पताल, हुकाम स्वास्थ्य चौकी, रिवाङचौर स्वास्थ्य चौकीमा ल्याब सेवा सुचारु भएकोमा आगामी आ व मा मैकोट स्वास्थ्य चौकी र राङ्सी स्वास्थ्य चौकीमा पनि यो सेवा सुचारु गरिनेछ साथै यसअघि ल्याब सेवा सुचारु भइसकेका स्वास्थ्य संस्थाहरुमा आवश्यक कर्मचारीको व्यवस्थापन गरी निरन्तर सेवा दिने कार्यलाई प्रभावकारी ढङ्गले निरन्तरता दिइनेछ । प्राथमिक स्वास्थ्य केन्द्र

कोल र तकसेरा आधारभूत अस्पतालबाट नियमित ल्याब, सादा तथा भिडियो एक्सरे सेवा र हुकाम स्वास्थ्य चौकीबाट ल्याब सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

- सम्वत् २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित पदाधिकारीहरूको गाउँ कार्यपालिका बैठकको पहिलो निर्णयलाई थप कार्यान्वयन गर्न यस गाउँपालिकाभित्र रहेका उच्च रक्तचाप, मधुमेह लगाएतका दीर्घ रोगीहरूलाई गाउँपालिकामार्फत निशुल्क औषधि वितरण गर्दै आएकोमा आवश्यक मापदण्डको आधारमा आगामी आर्थिक वर्षमा यस कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्दै निरन्तरता दिइनेछ।
- नेपाल सरकारको प्रोटोकलमा आधारित ११ प्रकारका निशुल्क खोपको ढुवानी र भण्डारण कार्य थप व्यवस्थित बनाउँदै यस गाउँपालिकाअन्तर्गतका १८ वटा खोप केन्द्रहरूमार्फत व्यवस्थित र प्रभावकारी एवम् सबै जनताको पहुँचमा पुग्ने गरी कार्यान्वयन गरिनेछ।
- विभिन्न प्रकारका दीर्घ, सरुवा तथा नसर्ने रोगहरुबारे नागरिकहरुमा सचेतना फैलाउन विभिन्न प्रकारका अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुका साथै ग्रामीण समुदायस्तरमा महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई परिचालन गरेर स्वास्थ्य तथा सरसफाई सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नेपालको संविधानले प्रदत्त गरेका छुवाछूत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक तथा सामाजिक न्यायको हक लगाएतका मौलिक हक अधिकारको सुनिश्चितता गर्न गाउँपालिका प्रतिवद्ध छ। यसका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै यसका लागि आवश्यक मापदण्ड एवम् आचारसंहिता निर्माण एवम् संशोधन गरिनेछ।
- महिला, दलित, आदिवासी जनजाती, अल्पसङ्ख्यक, अपाङ्ग, ज्येष्ठ नागरिक, एकल महिला र बालबालिकाको क्षेत्रमा उनीहरुको आवश्यक्तालाई मध्यनरजर गर्दै क्षमता विकास तालिम र सीपमूलक तालिमहरु सञ्चालन गर्ने तथा नागरिक समाज, वडामा गठन भएका क्लब तथा सञ्जालहरुलाई लक्षित वर्गको सशक्तीकरणमा प्रोत्साहन गरिनेछ। यसले यस स्थानीय तह भित्र रहेका महिला र पुरुषको समविकास तथा सामाजिक विभेद अन्त्य हुने अनुमान गरेको छ। आगामी आ.व.को चैत्र मसान्तभित्र गाउँपालिका र साझेदार सङ्घ संस्थाहरूको प्राविधिक सहयोगमा लै.स.सा.स. क्षमता विकास योजना तयार गरि कार्यान्वयन गर्न परिक्षणका लागि आवश्यक बजेटको विनियोजनमा आवश्यक नीति लिएको छु।
- यस गाउँपालिकाभित्र विभिन्न खालका लैङ्गिक हिंसाहरू न्यूनीकरण गर्दै अन्त्य गर्नका लागि सङ्घीय सरकारले राखेको दीगो विकासको लक्ष्य-५ वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धीको लक्ष्यलाई यस गाउँपालिकाले पनि मनन गर्दै सो सँग सम्बन्धित कार्यथालनी गरिनेछ। जसका लागि छुट्टै शिर्षकमा आवश्यक बजेट विनियोजनमा आवश्यक नीति लिएको छु।
- यस गाउँपालिकामा आगामी आ.व.मा सेवा करारमार्फत पदपूर्ति हुने पदका लागि विज्ञापन आह्वान गर्दा लै.स.सा.स.का दृष्टिले आह्वान गर्नुपर्ने नीतिको प्रस्ताव गरेको छु।

- यस स्थानीय तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न खालका अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी  गाउँपालिकाभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकलाई थप शिक्षित गराई आगामी आर्थिक वर्षदेखि भ्रष्टाचार विरुद्द शून्य सहनशीलताका आवश्यक कार्यको थालनी गर्नुपर्ने नीतिको प्रस्ताव गरेको छु ।
- आगामी आर्थिक वर्षदेखि यस गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी सेवा प्रवाह गर्दा सम्बन्धित शाखा वा कार्यटोली निर्माण गर्नुपर्ने नीतिको प्रस्ताव गरेको छु । सेवा प्रवाहमा सुधार गर्दै प्रभावकारी बनाउनका लागि सम्बन्धित कर्मचारीलाई क्षमता विकास तालिम, अभिमुखीकरण गोष्ठी जस्ता कार्यक्रमको आयोजना गरी सहभागी गराइनेछ ।
- सङ्घीय सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न मुलुकको आयोजनामा घोषणा गरेको बेइजिङ घोषणा पत्र र संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धी, १९८९, संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धीका कार्यक्रमका लक्ष्य हासिल गर्न आवश्यक कार्यनीति निर्माण भएकोमा त्यसलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।
- विभिन्न प्रकारका घरेलु तथा सामाजिक हिंसाको शिकार भएका महिलाहरुको लागि गाउँपालिकाको केन्द्रमा **सेफ हाउस** स्थापना तथा व्यवस्थापन गरिनेछ । साथै लैङ्गिक हिंसासम्बन्धी सूचनाहरू सङ्कलन गरी सेवा प्रवाहमा सुधार गर्नका लागि आगामी आर्थिक वर्षदेखि गाउँपालिकाको केन्द्रमा लैङ्गिक हेल्प डेस्क स्थापना गरी सो सम्बन्धी कर्मचारी पूर्ति गर्नका लागि बजेट विनियोजन हुनेगरी आवश्यक नीति लिएको छु ।
- गाउँपालिकाको न्यायिक समितिबाट अधिकार क्षेत्रभित्र पर्ने विवादहरुको निरुपणमा सहजीकरण न्यायिक इजलास निर्माण गरिनेछ भने प्रत्येक वडाहरुमा गठित मेलमिलाप समितिहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था गरी समितिहरूलाई थप सक्रिय बनाइनेछ । दलित समुदायले परम्परादेखि सञ्चालन गर्दै आएका व्यवसायहरुलाई व्यवसायिक र आधुनिक बनाउँदै लगिनेछ भने यसको संरक्षणको लागि नयाँ पुस्ताहरुलाई व्यवसायतर्फ आकर्षित गरिनेछ ।
- जनयुद्ध तथा विभिन्न आन्दोलनमा गोलीको छर्रा लागि घाईते भएका र परिचयपत्र प्राप्त नगरेका व्यक्तिहरुको उच्च कदर गर्दै औषधि उपचारको लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- द्धन्दकालमा आफ्ना आमा बुवा गुमाएका र हाल अध्ययन गरिरहेका बालबालिकाहरुलाई सहुलियत स्वरुप अध्ययनको लागि रकम उपलब्ध गराईनेछ ।
- विभिन्न प्रकारका हिंसाको शिकार भई पिडित भएका महिलाहरुलाई क्षतिपूर्ति उपलब्ध गराउन स्थापना गरिएको लैङ्गिक हिंसा निवारण कोषमा थप रकमको व्यवस्था गरिनेछ भने त्यस्ता पिडित महिलाहरुलाई आवश्यकताको आधारमा नि:शुल्क एम्बुलेन्स सेवा लगायत प्रजनन स्वास्थ्य सम्बन्धी अभिमूखीकरण कार्यक्रमको आयोजना गरिनेछ ।
- महान जनयुद्ध र विभिन्न आन्दोलनको क्रममा आफ्नो ज्यानको बलिदान गर्नुभएका महान शहीदहरुको सम्झनामा शहीद परिवारहरु र घाईते तथा अपाङ्गहरुलाई योगदानको उच्च कदर गर्दै सम्मान गरिनेछ ।
- समाजमा रहेका विभिन्न प्रकारका कुरीति, कुप्रथा, जातीय तथा लैङ्गिक विभेद र सबै प्रकारका विभेदहरु न्युनिकरण र निर्मुल पार्न आवश्यक सचेतना कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ भने त्यस्ता विभेद गर्ने व्यक्तीहरुलाई कानुनको दायरमा ल्याइने छ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को सामाजिक न्याय एवम् सामाजिक सुरक्षासम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नेपालको संविधानको धारा ४२ बमोजिम दलित, यौनिक तथा अल्पसङ्ख्यक, श्रमिक, उत्पीडित, पिछडिएका क्षेत्रका नागरिक लगायत विपन्न तथा लक्षित वर्गलाई समावेशी सिद्वान्तका आधारमा राज्यका निकाय, शिक्षा, स्वास्थ्य, आवास, रोजगारीमा समान सहभागिताको हकको प्रत्याभूति गराइनेछ।
- नेपालको संविधानको धारा ४३ बमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक प्रत्याभूति गराइनेछ।
- सङ्घीय सरकारमार्फत यस गाउँपालिकाले सामाजिक सुरक्षा वापत उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई आगामी आर्थिक वर्षदेखि डिजिटल माध्यम वा बैङ्किङ प्रणालीमार्फत वितरण गर्ने व्यवस्था गरिनेछ।
- यस गाउँपालिकामा घट्ने विभिन्न खालका हिंसा न्यूनीकरणका लागि सम्बन्धित निकायसँगको समन्वयमा गाउँपालिकाभित्रका प्रत्येक स्थानमा बसोबास गर्ने जनताको जिउधनको पूर्ण रूपमा रक्षा गर्ने एवम् सुरक्षा गर्ने दायित्व यस गाउँपालिकाको हो। सोहिबमोजिम गाउँपालिकाले आवश्यक कार्यप्रक्रिया अगाडि बढाउने कार्यनीति अपनाएको छ ।

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को भवन, शहरी विकास तथा भौतिक पूर्वाधार सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- यस पुथा उत्तरगङ्गा गाउँपालिकाले हालसम्म आफ्नो प्रशासनिक भवन निर्माण गर्न नसकेको परिस्थितिमा सेवाग्राहीहरूलाई छुट्टाछुट्टै स्थानबाट सेवा लिँदा निकै दुःख भोग्नुपरेको अवस्थालाई मध्यनजर गर्दै चालु आर्थिक वर्षमा ठेक्का सम्झौता प्रक्रियामा रहेकोमा आगामी आर्थिक वर्ष २०८०।०८१ देखि तीव्र रूपमा गुणस्तरीय भवन निर्माण कार्यको प्रक्रिया अगाडि बढाइनेछ।
- पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्दै सेवाहरु विस्तार गर्नु हाम्रो मुख्य प्राथमिकता हो। स्वास्थ्य संस्थाहरुको बर्थिङ सेन्टर, आकस्मिक कक्ष लगाएत ओपिडि कक्षलाई व्यवस्थित गरिनेछ। गाउँपालिकाको केन्द्रमा १५ शैया अस्पताल निर्माण सुचारु गर्ने प्रक्रियालाई अगाडि बढाउन सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ। यसैगरी गाउँपालिकाका अधिकांश वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण भइसकेका छन् भने आगामी आर्थिक वर्षमा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण नभएका वडाहरुमा गुणस्तरीय सेवा केन्द्र भवन निर्माण गरिनेछ।
- गाउँपालिकालाई पर्यटन क्षेत्रको रूपमा विकास गर्न यस गाउँपालिकाभित्रका सम्भावित विभिन्न स्थानहरूमा एकीकृत नमुना बस्ती विकास कार्यक्रमको थालनी गरिनेछ। साथै सम्भावित स्थानहरूलाई यस गाउँपालिकाको मौलिकता सहितको विस्तृत सम्भाव्यता अध्ययन गरी ग्रामीण सहर विकास निर्माण कार्य थालनी गरिनेछ।
- उपभोक्ता समितिबाट निर्माण हुने भौतिक पूर्वाधारहरुमा स्थानीयको अपनत्व बोध गराउन उपभोक्ता समितिलाई नै जिम्मेवार बनाउने नीति लिईनेछ। साथै यस्ता आयोजनाहरुको गुणस्तरता अभिवृद्धि गर्न उपभोक्ता समितिहरुलाई योजना निर्माण गर्नु

अगावै विशेष कक्षाको व्यवस्था गरिनेछ। यसैगरी आगामी आर्थिक वर्षदेखि रु २० लाख भन्दा बढि लागत अनुमान भएका सबै आयोजनाहरुको खरिद बोलपत्र माध्यमबाट गरिनेछ।

- पुथा उत्तरगङ्गा गाउँपालिकाका मुख्य व्यापारिक केन्द्रहरुमा निर्माण हुने भवन संरचनाहरुलाई गुणस्तरीय एवम् भुकम्प प्रतिरोधी बनाउन जोड दिइनेछ। जसको लागि नागरिकहरुलाई डकर्मी तथा सिकर्मी तालिमको व्यवस्था गरिनेछ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र आगामी वर्षदेखि निर्माण हुने सबै खालका सरकारी भवनहरू बालमैत्री, अपाङ्गमैत्री र लक्षित समुह उन्मुख हुनेगरी निर्माण गरिनेछ भने यस्ता खालका निर्माण गरिने सम्पूर्ण भवनहरू यस गाउँपालिकाको मौलिक परम्परा झल्किने गरी निर्माण गरिनेछ।

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को सडक, पुल र सिँचाई कुलोको निर्माण एवम् विस्तार सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- पुथा उत्तरगङ्गा गाउँपालिकाको अधिकांश क्षेत्र उच्च हिमालमा पर्ने भएकोले भौगोलिक जटिलताको कारण अत्याधुनिक र भव्य संरचना गर्न गाउँपालिकासँग पर्याप्त बजेट नभएको बेहोरा स्मरण गर्दै गाउँपालिकाले आफ्ना नागरिकका विकासका आधारभुत आवश्यक्ताहरुको परिपूर्ति गर्न विभिन्न संरचनाहरु निर्माण गर्दै आएको छ। हाल गाउँपालिकाका करिब ९ वटा वडाहरु सडक पूर्वाधारको पहुँचमा पुगिसकेका छन् भने गाउँपालिकाअन्तर्गत वडा नं. १,२,३,४ र ९ लाई आगामी २ वर्षभित्र सङ्घीय र प्रदेश सरकारको सहयोग र यस गाउँपालिकाको विशेष पहलमा सडक सञ्जालसँग जोडिने छ।
- घोराही-रोल्पाको थवाङ र भूमे गाउँपालिकाको काँक्री देखि तकसेराको केन्द्र-हुकाम-मैकोट-डोल्पा सहरतारा हुँदै छिमेकी मुलुक चीन सम्म जोड्ने शहीद मार्गअन्तर्गत यस गाउँपालिकाभित्र पर्ने सडक क्षेत्रको विकास र विस्तारमा केही ढिलाई भइरहेको परिस्थितिमा उक्त सडकको विकास र विस्तार कार्यलाई छिटो, छरितो, प्रभावकारी एवम् गुणस्तरीय ढङ्गले सुचारु गर्न विशेष पहल गरिनेछ।
- क्यूबाङ-कोल-राङ्सी-नाखा-जामाबगर हुँदै चारगाऊँ जोड्ने सडकको विस्तार र स्तरोन्नति गर्ने कार्यलाई विशेष पहल गरिनेछ। साथै यस गाउँपालिकाअन्तर्गतका डिम्मुरगैरा-हालबाङ-खाराबाङ, गर-रन्मा सडक खण्ड र मानम-कास्तारा-चारगाऊँ सडक खण्डलाई आगामी आर्थिक वर्षभित्रमा र हुकाम-काजरजङ-पेल्मा सडकलाई आगामी २ वर्षभित्रमा विस्तार गर्ने लक्ष्य लिएको छु। यसैगरी कोल-छमारी-त्रिवेणी-जाङ सडकको ट्र्याक खोलिसकेको र उक्त सडकको विस्तार कार्यमा आवश्यक पहल गरिनेछ।
- चारगाऊँ-कुकुरगाडे-खाराबाङ-अर्जल-घुन्मा-रन्मा-रन्मामैकोट-पेल्मा-ढोरपाटन सडकको विकास र विस्तार कार्यलाई तीब्रता दिन उक्त सडक खण्डको आयोजनालाई वहुवर्षीय योजनाको रूपमा कार्य हुनेगरी ठेक्काको लागि आवश्यक पहल गरिनेछ।
- यस गाउँपालिकाको साविक मैकोट गा वि स हालसम्म पनि सडक सञ्जालले नजोडिएको र शहीद मार्गले उक्त क्षेत्रलाई आफ्नो सडक सञ्जालले जोड्न ढिला सुस्ती गरेको कारण शहीद मार्ग अन्तर्गत हुकाम-मैकोट सडकको ट्र्याक खोल्ने कार्य शहीद मार्गकै डि पि आर अनुसार भइरहेकोमा गाउँपालिकामार्फत बजेट विनियोजन गरी आगामी आर्थिक वर्षसम्म मैकोटलाई उक्त सडकको सञ्जालमा जोडिने छ।
- पर्यटनको दृष्टिकोणले निकै सम्भावना बोकेको रुकुमकोट-बालुवा-देउखोला-मानम-त्रिवेणी-तकसेरा-दम्चन-ढोरपाटन सडक हालसम्म अलपत्र परेको बेहोरा स्मरण गराउँदै उक्त सडकको विकास र विस्तार कार्यलाई उत्तरगङ्गा करिडोरको रुपमा निर्माण गर्न सङ्घीय र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ।

- करिब ७०० मिटर मात्र सडक सञ्जालमा जोडिन बाँकी रहेको पदमी-त्रिवेणी सडकको विस्तार कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ। भने आवश्यकताका आधारमा यस गाउँपालिकाका अन्य क्षेत्रहरूलाई सडक सञ्जालसँग जोडिने लक्ष्य लिएको छु।
- शहीद मार्ग अन्तर्गत तकसेरा उत्तरगङ्गा नदीमा मोटरेबल पुल र ओख्मा-घट्टेखोलामा मोटरेबल पुल निर्माण कार्यको ठेक्का भइसकेको र डिजाइन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत सम्भाव्यता अध्ययन भई निर्माण कार्य सुचारु हुने चरणमा रहेको उक्त मोटरेबल पुल छिटो, छरितो र गुणस्तरीय माध्यमद्वारा निर्माण गर्नका लागि सम्बन्धित निकायसँग विशेष पहल गरिनेछ।
- विस्तृत सम्भाव्यता अध्ययन (DPR) पूरा भइसकेका सेरा-घुम्लीवाङ उत्तरगङ्गा नदी र मानम-कास्तारा सानोभेरी नदीमा मोटरेबल पुल निर्माण कार्य अगाडि बढाउन ठेक्का प्रक्रिया र बजेट विनियोजनका लागि सङ्घीय र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ।
- विकासका पूर्वाधारको पनि पूर्वाधार मानिने सडक क्षेत्रलाई सबै नागरिकको पहुँचमा पुर्याउनु गाउँपालिकाको प्रमुख लक्ष्य हो। यस पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र रहेका विभिन्न नदीहरूमा मोटरेबल पुल निर्माण नभइ आवतजावतमा समस्या हुने जस्तै : गर्खानी-बालुवा-पदमी जोड्ने उत्तरगङ्गा नदी, त्रिवेणी-ओख्मा लाई जोड्ने उत्तरगङ्गा नदी, त्रिवेणी-जाङ जोड्ने सानोभेरी नदी, डिम्मुरगैरा-खाराबाङ जोड्ने सानोभेरी नदी, गर-रन्मा जोड्ने सानोभेरी नदी, हुकाम-मैकोट जोड्ने सानोभेरी नदी र टिपइदोभान-पेल्मा जोड्ने घस्तुङ नदीहरूमा मोटरेबल पुल निर्माण कार्यको लागि विस्तृत सम्भाव्यता अध्ययन (DPR) र बजेट प्रबन्धका लागि सङ्घीय, प्रदेश सरकार र सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ।
- गाउँपालिकाका दुरदराजहरुमा जनताको आवतजावतमा सहजीकरण गर्न झोलुंगे पुल निर्माणको कार्य तीव्र रुपमा अगाडि बढिरहेको छ भने आवश्यकता भएको ठाउँहरुमा झोलुंगे पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ।
- गाउँपालिकाभित्रको यातायात क्षेत्रलाई व्यवस्थित र सर्वसुलभ बनाउन यस गाउँपालिकाभित्रका स्थानीय बासीहरू र यस गाउँपालिकाको समेत लागत साझेदारी हुने गरी सार्वजनिक यातायात सेवा सञ्चालनलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक मापदण्ड निर्माण एवम् सरोकारवालाहरूसँग आवश्यक छलफल तथा परामर्श गरी पालिकास्तरीय बस सेवा सञ्चालन गर्न पहल गरिनेछ भने यस गाउँपालिकाको सवारी भाडादरमा एकरुपता ल्याउन जिल्ला प्रशासन र सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी जिल्ला र स्थानीय भाडादर निर्माण गरिनेछ।
- यसैगरी गाउँपालिकाका मुख्य मुख्य कृषि उत्पादन क्षेत्रहरुमा सिँचाईको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- पुथा उत्तरगङ्गा बासीलाई शुद्ध र सुरक्षीत खानेपानी उपलब्ध गराउन खानेपानीका संरचनाहरुको मर्मत सम्भार एवम् निर्माणलाई जोड दिइनेछ। बिभिन्न स्थानहरुमा रहेका खानेपानीका मुहानहरुलाई संरक्षण गर्न वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।
- सङ्घीय र प्रदेश सरकारको सहयोगमा खानेपानी क्षेत्रमा यस पुथा उत्तरगङ्गा गाउँपालिकाभित्रका विभिन्न क्षेत्रमा एक घर एक धारा अभियानले हालसम्म तीव्रता पाउन नसकेको अवस्थालाई ध्यानमा राखी उक्त योजनाका कार्यहरू छिटो, छरितो र

गुणस्तरीय हुनेगरी पहल गरिनेछ भने यस्ता अभियानमा आगामी आर्थिक वर्षदेखि खानेपानी तथा सरसफाइ क्षेत्रमा लगानी गर्न चाहने काँदुरी संस्था लगायत अन्य सहयोगी निकायहरूलाई लागत साझेदारीका लागि समन्वय गरिनेछ ।

- **सफा मुहान : स्वच्छ खानेपानी** भन्ने मान्यतालाई आत्मसाथ गर्दै खानेपानीका मुहानहरु सरसफाई गर्ने एवम् खानेपानीका मुहान वरपर फोहोरमैला नियन्त्रण गरिनेछ । यसैगरी दुषित खानेपानीको माध्यमबाट लाग्ने रोगहरुबारे सचेतना फैलाई मूहान संरक्षणमा स्थानीय बासिन्दालाई प्रोत्साहित गरिनेछ ।
- नागरिकहरुको सहजताका लागि सार्वजनिक स्थलहरुमा सार्वजनिक धारो, सार्वजनिक शौचालय तथा प्रतिक्षालयहरु निर्माण गरिनेछ भने पुराना संरचनाहरुलाई मर्मत सम्भार गरिनेछ । साथै यस पुथा उत्तरगङ्गा गाउँपालिका यसअघि नै खुल्ला दिसा पिसाबमुक्त क्षेत्र घोषणा भइसकेको कुरालाई स्मरण गराउँदै गाउँपालिकाभित्र अव्यवस्थित रूपमा रहेका ट्वाइलेटहरूलाई व्यवस्थित गर्दै जथाभावि रूपमा खुल्ला दिसा पिसाब नगर्न सर्वसाधारणलाई सचेत गराउने खालका अभियान सञ्चालन गरिनेछ ।

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- यस गाउँपालिकाको सबै वडाहरूले फोहोरमैलालाई प्रत्येक हप्ताको शनिबार सबै सरकारी कार्यालयहरू, सरोकारवालाहरू, नागरिक समाज, स्थानीय बासीहरू, विभिन्न सङ्घ-संस्थाहरुको सहभागितामा अनिवार्य सरसफाइ गरी डम्पिङ गर्ने कार्यलाई निरन्तरता दिने, साथै गाउँपालिकाको केन्द्र रहेको तक गाउँ तथा बजार क्षेत्रको कुहिने र नकुहिने फोहोरहरुको छुट्टाछुट्टै विसर्जन गरी कुहिने फोहोर मार्फत कम्पोष्ट मल बनाउन कृषि विकास शाखा मार्फत तालिमको व्यवस्था गर्ने र नकुहिने फोहोरमैला व्यवस्थापन गर्नका लागि गाउँपालिका सभाहल देखि कपासेसम्म सडक र कपासे क्षेत्रलाई डम्पिङ साइड निर्माण गरिनेछ ।
- फोहोरमैलाको कारणले लाग्ने रोगहरु सम्बन्धी जनचेतना फैलाई फोहोर उत्पादनलाई न्युनीकरण गरिनेछ भने हाल विश्वव्यापरी रूपमा फैलिएको वायु प्रदुषण र जलवायु परिवर्तन जस्ता समस्यालाई मध्यनजर गर्दै प्लाष्टिक तथा सिसाजन्य पदार्थहरूको प्रयोगमा कमि ल्याउन तथा यस्ता पदार्थहरूलाई पुन:प्रयोग एवम् नजलाइ व्यवस्थापन गर्ने खालका सचेतना अभियान सञ्चालन गरिनेछ ।
- पशुजन्य पालनहरूको उचित व्यवस्थापन हुन नसक्दा उत्पादन हुने फोहोर र यस्ता फोहोरमैलाबाट लाग्न सक्ने विभिन्न रोगहरूको बारेमा सचेतना फैलाउँदै पशु चौपायाहरूको बासस्थानको उचित व्यवस्थापन गर्न यसलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को राजश्व चुहावट प्रणालीमा सुधार र अर्थतन्त्रको प्रवर्द्धन सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- "**राजश्व अर्थतन्त्रको मूल आधार**" भन्ने नारालाई प्रभावकारी कार्यान्वयन गर्न आगामी आर्थिक वर्षदेखि गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयहरूमा अनिवार्य रूपमा सफ्टवेयर प्रणालीमार्फत राजश्व सङ्कलन गरिनेछ भने गाउँपालिकाको आन्तरिक राजश्व सङ्कलनलाई प्रभावकारी बनाउन करको दायरालाई फराकिलो बनाउँदै लगिनेछ ।

- चालु आ व मा लक्ष्य अनुरूपको राजश्व सङ्कलन हुन नसक्नुको प्रमुख कारणलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्ष देखि प्रभावकारी कार्यान्वयन हुने गरी राजश्व चुहावटमा सुधार गरिनेछ भने राजश्व चुहावटमा सुधार गर्दै गाउँपालिकालाई आन्तरिक राजश्वमा आत्मनिर्भर बनाउँदै परनिर्भरताको सिद्दान्तलाई न्यूनीकरण गर्न आगामी आ.व.मा राजश्व सुधार योजना निर्माण गरिनेछ।
- ढोरपाटन शिकार आरक्षले यस गाउँपालिकाको ६० प्रतिशत भू-भाग ओगटेको छ । यद्यपि आरक्षमा भएका सम्पूर्ण जीवजन्तुको संरक्षण गर्दै आइरहेको यस गाउँपालिकाले हालसम्म आरक्षबाट सङ्कलन हुने रोयल्टी वापतको रकम नपाएकोमा आगामी आर्थिक वर्षदेखि ढोरपाटन शिकार आरक्षबाट प्राप्त हुने रोयल्टी वापतको रकम यस गाउँपालिकाको पूर्ण स्वामित्त्वमा रहने गरी सङ्घीय सरकार र सम्बन्धित विभागमा आवश्यक पहल गरिनेछ। यसबाट गाउँपालिकाको राजश्वमा थप वृद्दि हुने अनुमान गरेको छु।
- यस गाउँपालिकाको समग्र राजश्वका आधारहरू जस्तै : जीवनबुटी लगायत अन्य जडिबुटिहरू भिर मौरी वापत प्राप्त हुने राजश्व सङ्कलनका लागि सुधारका अन्य नीतिहरू लिइनेछ । साथै यस गाउँपालिकाभित्रका सम्पूर्ण व्यापार व्यवसाय, वडाहरूबाट सङ्कलन हुने प्रशासनिक सेवा शुल्क वापतको राजश्व, सहकारी, व्यक्तिगत र संस्थागत फर्म, खुद्रा व्यापारीहरूलाई गाउँपालिकाको राजश्वको दायरामा ल्याई आर्थिक वृद्दि गरिनेछ भने गाउँपालिकाको आर्थिक ऐनलाई थप संशोधन गरिनेछ।

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को वन, वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद व्यवस्थापन सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- यस गाउँपालिकाले निर्माण गरेको प्रथम आवधिक योजनामा समावेश गरिएको भूगोलसम्बन्धी विभिन्न नक्साङ्कनको आधारमा विशेष प्रकारको कार्यनीति लिइनेछ। जसले बजेट विनियोजनमा थप सहज हुने अनुमान गरेको छु।
- हिउँद र वर्षायाममा गाउँपालिकाका सम्पूर्ण क्षेत्रहरूमा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति न्यूनीकरणका लागि गाउँपालिकाले निर्माण गरेको गाउँ विपद् जोखिम न्यूनीकरण कार्यविधिलाई थप संशोधन गरी सक्रिय रूपमा प्रभावकारी कार्यान्वयन गरिनेछ । साथै वन, वातावरण तथा जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी आवश्यक मापदण्ड, रणनीति, कार्यनीति निर्माण गरी स्वीकृत गरिनेछ भने गाउँ विपद व्यवस्थापन कोषलाई निरन्तरता दिँदै व्यवस्थित परिचालनका लागि आवश्यक परिमार्जन गरिनेछ।
- पुथा उत्तरगङ्गा गाउँपालिकाको भु-बनोट र यहाँ रहेका विभिन्न खोलानालाहरुको कारण विभिन्न क्षेत्रहरुमा बाढि पहिरोको जोखिम रहेको छ। वर्षायाममा खोलानालाबाट हुने क्षति न्युनीकरण गर्न खोला किनारहरुमा ग्याबिन जाली लगाउने कार्यलाई जोड दिइनेछ। यसैगरी पहिरोको क्षति न्युनीकरण गर्न भिराला क्षेत्रहरुमा वृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- अव्यवस्थित सडक पूर्वाधारको कारण पछिल्लो समय बाढि तथा पहिरोको जोखिम बढिरहेको छ । यस्ता जोखिमहरु न्युनीकरण गर्न अव्यवस्थित सडक पूर्वाधार निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ।
- गर्मीयाममा वनजङ्गलमा डढेलो लगाउने, अनावश्यक वन फडानी गर्ने तथा वन पैदावारमा हानी पुऱ्याउने खालका मानवीय गतिविधिहरुलाई नियन्त्रण गर्दै वन जङ्गलको संरक्षण गरिनेछ । यसैगरी पानीका मुहानहरु संरक्षण गर्न आवश्यक पहल गरिनेछ। यस गाउँपालिकाको क्षेत्रभित्र रहेको वनजङ्गलमा पाइने सम्पूर्ण वन्यजन्तुहरूको चोरी शिकारी हुने प्रवृत्तिलाई रोक लगाउँदै वन्यजन्तु संरक्षणमा आवश्यक रणनीति लिइनेछ।

- प्लाष्टिकको अत्याधिक प्रयोग जलवायु परिवर्तनको मुख्य कारक तत्व रहेको कुरा स्मरण गर्दै यस गाउँपालिकामा सकेसम्म प्लाष्टिक झोलाहरुको प्रयोगमा कमी ल्याउन पहल गरिनेछ भने वातावरण प्रदुषण गर्ने सबै प्रकारका गतिविधिहरुलाई नियन्त्रण गरिनेछ।
- गाउँपालिकाभित्रका वन्यजन्तु संरक्षणका लागि आवश्यक मापदण्ड निर्माण गरिनेछ। जलवायु परिवर्तनबाट हुन सक्ने विभिन्न खालका असरहरूलाई मध्यनजर गर्दै यस गाउँपालिकाभित्रका नागरिकहरूलाई सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकामा वन, वातावरण, विपद् व्यवस्थापन र जलवायु परिवर्तनबारे सम्पूर्ण कार्यसम्पादन गरी अभिलेख चुस्त, दुरुस्त राख्नका लागि छुट्टै शाखा स्थापना गरी कर्मचारी पूर्तिको प्रक्रिया अगाडि बढाइनेछ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को सुशासन एवम् मानव संशाधन तथा संस्थागत विकास सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नेपालको संविधानले प्रदत्त गरेको सूचनाको हकलाई कार्यान्वयन गर्न गाउँपालिकाबाट प्रवाह गरिने सम्पूर्ण सेवाहरुको बारेमा नागरिकहरुलाई जानकारी गराउन गाउँपालिकादेखि वडा कार्यालयहरुमा अद्यावधिक गरिएको नागरिक बडापत्र राखिनेछ। यसैगरी गाउँपालिकाका नियमित गतिविधिहरुलाई आम नागरिकको पहुँचमा पुऱ्याउन गाउँपालिकाको वेबसाईटलाई नियमित रुपमा अपडेट गरिनेछ।
- यस गाउँपालकाका पदाधिकारी एवम् कर्मचारीहरूलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, विषयगत कानूनहरू, पालिकाले जारी गरेका अन्य कानूनहरूको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट मानव संशाधनको क्षमता विकासमा थप वृद्दि हुने अनुमान गरेको छु।
- यस गाउँपालिकाका कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा सम्बन्धी अभिमुखीकरण तथा गोष्ठी सञ्चालन गरिनेछ। साथै गाउँपालिकाभित्रका लक्षित समुदाय जस्तै एकल महिला, चेलिबेटी बेचबिखन विरुद्ध कार्यक्रम, यौनहिंसा विरुद्धका कार्यक्रम सञ्चालन गरिनेछ।
- चालु आर्थिक वर्षमा गाउँपालिकाले निर्माण गरेको दरबन्दी तेरीज बमोजिम आगामी आर्थिक वर्षमा दरबन्दीअनुसारका स्थायी कर्मचारी सम्बन्धित निकायसँग माग गरिनेछ। यस गाउँपालिकाभित्र नयाँ आउने शिक्षक लगायत सम्पूर्ण स्थायी कर्मचारीहरूलाई कम्तीमा १ वर्ष अनिवार्य रूपमा गाउँपालिकामा सेवा तथा कार्यसम्पादन गरिसकेपश्चात मात्र सरुवा सहमति प्रदान गरिने नीति लिएको छु।
- चुस्त, दुरुस्त र पारदर्शी कर्मचारी प्रशासन र जनउत्तरदायी जनप्रतिनिधित्व विकास गरी आम नागरिकहरुलाई सुशासनको प्रत्याभुति गराईनेछ। यसैगरी अनावश्यक चालु प्रकृतिका खर्चहरु कटौती गर्दै पुँजीगत खर्च बढाउने साथै कार्यालय सञ्चालनमा मितव्ययिता प्रवर्द्धन गरिनेछ।
- गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह एवम् विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षमा आन्तरिक नियन्त्रण प्रणाली, राजश्व सुधार योजना तथा क्षमता विकास योजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ। साथै गाउँपालिकाका महत्वपूर्ण शाखा प्रमुखहरुमा सम्भव भएसम्म स्थायी कर्मचारीहरुको व्यवस्थापन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई चुस्त र पारदर्शी एवम् पहुँचयोग्य बनाई राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अद्यावधिक गरिनेछ।



पुथा उत्तरगङ्गा गाउँपालिका

- सेवा प्रवाहलाई अझै प्रभावकारी बनाउन कर्मचारीहरुलाई क्षमता अभिवृद्दिसम्बन्धी व्यवस्था गरिनेछ भने आवश्यक ज्ञान र सीप हासिल गर्न नमुना स्थानीय तहहरुमा अवलोकन भ्रमणमा जाने व्यवस्था मिलाईनेछ।
- यस गाउँपालिकाको पदाधिकारी र कर्मचारीहरूको आचारसंहिता संशोधन गरी कार्यान्वयन गरिनेछ।

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को वित्तीय सङ्घीयताको सुदृढीकरण एवम् सार्वजनिक वित्त प्रणालीमा सुधार र सेवा प्रवाहमा सुधार सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- आ.व.२०७९।०८० मा गाउँपालिकाको समग्र भौतिक तथा वित्तीय प्रगतिको बारेमा समीक्षा गर्न वार्षिक रूपमा मात्र सार्वजनिक सुनुवाई हुने गरेकोमा आगामी आर्थिक वर्षदेखि प्रत्येक त्रैमासिक र वार्षिक रूपमा सार्वजनिक सुनुवाई कार्यक्रमको थालनी गरिनेछ।
- गाउँपालिकाले गर्ने सेवा प्रवाहमा चुस्तता, दुरुस्तता एवम् पारदर्शिता ल्याई सुशासनको अपनत्व कायम राख्न गाउँपालिका मातहतका सम्पूर्ण विद्यालय र सार्वजनिक कार्यालयमार्फत वार्षिक योजना तथा कार्यक्रमको अर्धवार्षिक र वार्षिक रूपमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण गरिनेछ। साथै नियमित पत्रकार भेटघाट र Wetsite एवम् Facebook Page मार्फत सूचनाहरू सार्वजनिकीकरण गरिनेछ।
- गाउँपालिकाले सम्पादन गर्ने कार्यको दैनिक रूपमा पृष्ठपोषण पाउन गाउँपालिकाको केन्द्रमा सेवाग्राही सन्तुष्टि कक्षको स्थापना गरी कर्मचारी पूर्ति गरिनेछ। जसबाट सेवा प्रवाहसम्बन्धी लाभग्राहीहरूको पृष्ठपोषण प्राप्त गरि आगामी आर्थिक वर्षदेखि पृष्ठपोषणको परीक्षण गरी नीति तथा कार्यक्रममा समावेश गरिनेछ।
- यस गाउँपालिकामार्फत तय गरिएको वार्षिक योजनाहरूको गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठन भएको समितिमार्फत अनिवार्य रूपमा अनुगमन गरी अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरि पेश गरिनुपर्ने नीतिको अवलम्बन गरिनेछ। जसबाट गाउँपालिकाले केही पाठहरू सिकी प्रभावकारी कार्यान्वयन गर्ने आशा लिएको छु।
- यस गाउँपालिकाको चालु खर्चको मात्रामा केही सुधार गरी बजेट पुँजीगत क्षेत्रतर्फ उन्मुख रहनेछ भने सार्वजनिक वित्त प्रणालीमा सुधारका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

**यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को सूचना प्रविधि र सञ्चारको विकास एवम् विस्तारसम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- रेडियो ग्रामीणस्तरको सबैभन्दा भरपर्दो सञ्चार माध्यम हो। सबै स्थानहरुमा रेडियोको सेवा पुऱ्याइ नागरिकहरुलाई सेवा प्रवाहको बारेमा र अन्य घटनाहरुको बारेमा सुसूचित गर्न गाउँपालिकाको एफ.एम. स्थापना गरी सञ्चालन गरिनेछ।
- मुलुक सङ्घीय संरचनामा परिवर्तन भएसँगै रुकुम जिल्लालाई रुकुम पश्चिम भाग र पूर्वी भाग जिल्लामा स्थापित भएपश्चात रुकुम पूर्वी भागका ३ वटै स्थानीय तहहरूको लागत साझेदारमा रेडियो पूर्वी रुकुम एम.एम. सञ्चालन भएसँगै यसको प्रशारण क्षमता विस्तारका लागि आवश्यक पहल गरिनेछ। जसबाट गाउँपालिकाका हरेक नागरिकहरू सूचनाको हकको प्रत्याभूतिबाट प्रत्यक्ष लाभान्वित हुनेछन्।
- सूचनाको हकको कार्यान्वयन गर्न गाउँपालिकाबाट नियमित हुने कार्यहरुको बारेमा रेडियो मार्फत नागरिकहरुलाई जानकारी गराइने छ। साथै गाउँपालिकाबाट प्रवाह हुने सबै सेवाहरुलाई क्रमश प्रविधिमैत्री बनाउँदै लगिनेछ।

- निर्मित टावरहरुमा पर्याप्त उर्जा व्यापकको व्यवस्था नहुँदा वर्षा र हिउँद याममा यस गाउँपालिकाका अधिकांश क्षेत्रहरु सञ्चारविहिन हुने गरेका छन् । यस्तो समस्या दीर्घकालीन रुपमा समाधान गर्न सम्बन्धीत निकायसँग आवश्यक पहल भईरहेको छ । यसरी हाल प्रवाह भईरहेको सेवा सुधारको लागि थप पहल गरिनेछ भने टेलिकम सेवा नभएको स्थानहरुमा सेवा विस्तार गर्न सरकारी तथा नीजि सेवा प्रदायकहरुसँग आवश्यक समन्वय र पहल गरिनेछ ।
- यस पुथा उत्तरगङ्गा गाउँपालिकाका पर्यटकीय क्षेत्र, भाषा संस्कृति, रहनसहन लगायत पुरातात्विक सामाग्रीहरूको इतिहास झल्किने, रोजगारीको अवस्था, शैक्षिक अवस्था, स्वास्थ्यको पहुँचको अवस्था, वन, वातावरण क्षेत्रको अवस्था, जनसङ्ख्या, भूगोल लगायत सम्पूर्ण क्षेत्रको विवरण खुल्ने गरी गाउँपालिकाको चिनारी निर्माण गरिनेछ । साथै गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, छरितो एवम् परिणाममूखि बनाउन सम्पूर्ण विवरण खुल्ने र कार्यप्रणालीको व्यवस्था र अवस्था खुल्ने गरी गाउँपालिकाको मोबाइल एप्स र लोगो निर्माण प्रक्रिया अगाडि बढाइने छ ।

❖ अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को खाद्य सुरक्षा एवम् पोषण सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- लुम्बिनी प्रदेशको एक मात्र हिमाली र अर्गानिक जिल्लाको रूपमा घोषणा गरिसकेको यस रुकुम पूर्व जिल्लाको विकट गाउँपालिका यस पुथा उत्तरगङ्गा गाउँपालिका आफैमा हालसम्म कुनै पनि विषादीको प्रयोग नगरी अर्गानिक खाद्य एवम् नगदेबालीहरूको उत्पादन गर्ने स्थानीय तह हो । स्थानीय फलफुल तथा अन्य नगदे बालीहरूबाट उत्पादित पदार्थहरूको प्रयोग बढाउन एवम् गाउँपालिकाभित्रका अर्गानिक खाद्य तत्वबाट उत्पादित वस्तु र पेय पदार्थहरूको बजारीकरणमा थप सहयोग पुग्ने कुरामा ध्यानाकर्षण गराउँदै गाउँपालिकाभित्रका प्रत्येक स्थानहरूमा विभिन्न रसायनहरूको प्रयोगबाट निर्मित खाद्य वस्तु, विभिन्न खालका जङ्क फूड र सिलबन्दी पेय पदार्थहरूलाई पूर्ण रूपमा रोक लगाइने छ ।
- नेपालको कानुनले प्रतिबन्ध गरेका सबै खालका अफिम लगायत अन्य लागुऔषधजन्य खेती कार्यले विगतदेखि यस गाउँपालिकाभित्रका नागरिकहरूको भविष्य नै अन्यौलमा पर्ने खालका समस्याहरूको प्रत्यक्ष मारमा परेको कुरालाई स्मरण गराउँदै कानुनले प्रतिबन्ध गरेका सबै खालका खेतीहरूलाई पूर्ण रूपमा प्रतिबन्ध गरिनेछ भने यस्ता खालका कार्यलाई निरुत्साहित गराउने खालका सचेतना अभियान सञ्चालन गरिनेछ ।
- सङ्घीय र प्रदेश सरकार समेतले आफ्नो नीति कार्यक्रममा समावेश गरेको भाङ्गो खेती कार्यलाई यस गाउँपालिकाभित्रका सम्पूर्ण क्षेत्रमा परम्परागत रूपमा उत्पादन गर्नेगरी वैधानिकता दिई किसानहरूलाई भाङ्गो खेती उत्पादन कार्यमा वृद्दि गरी आर्थिक आयमा वृद्दि गर्न प्रोत्साहन गरिनेछ ।
- नेपालको संविधानले कायम गरेको खाद्यसम्बन्धी हकको मौलिक हकलाई कार्यान्वयन गर्दै प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित गराई खाद्य सम्प्रभुताको हकलाई मनन गर्दै सम्बन्धित निकायको समन्वयमा यस गाउँपालिकाले गत आ व देखि सुलभ मूल्यमा वितरण गर्दै आइरहेको आयोडिन नुन वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- शरीरलाई आवश्यक पर्ने खाद्य तथा पोषणबाट कोहि पनि नागरिक मृत्युको मुखमा नपरुन् भन्ने हेतुका साथ सुनौला हजार दिने आमाहरूका लागि सङ्घीय सरकारको लागत साझेदारमा विशेष सामाग्री वितरण एवम् जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- खाद्य पदार्थको अभावबाट हुने कुपोषण जस्ता रोगहरू, मातृ शिशु मृत्युदर न्यूनीकरणका लागि गाउँपालिकाले थप कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छु ।

- सङ्घीय सरकारको लागत साझेदारीमार्फत सञ्चालन भएको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकाको समेत थप लागत साझेदारी हुने खालका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

१. अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को स्थानीय स्रोत साधनको प्रयोग, परिचालन तथा जगेर्ना सम्बन्धी नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

  - पुथा उत्तरगङ्गा गाउँपालिकाभित्रका सार्वजनिक कार्यालयहरूमा हुने हरेक प्रकारका सार्वजनिक कार्यक्रममा अतिथिहरूको स्वागत लगायतका कार्यक्रमहरूमा खादा, रातो टिका लगायतका स्रोतहरूको प्रयोगमा पूर्ण रूपमा बन्देज गरि यस्ता खालका कुनैपनि कार्यक्रमहरूमा स्थानीय कला, संस्कृति झल्किने खालका जस्तै खादाको सट्टामा दुबो, पाथी र पगरी  र रातो टिकाको सट्टामा दहि चामलको सेतो टिकाको प्रयोग गरिनेछ । जुन क्रियाकलापलाई प्रभावकारी कार्यान्वयन गर्न/गराउन जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ । यसबाट स्थानीय स्रोत साधनको परिचालन भई जगेर्ना हुने अपेक्षा गरेको छु ।
  - हाल परम्परागत सीप, कला र साधनबाट निर्माण हुँदै आइरहेका सामाग्रीहरूको प्रयोग, संरक्षण र संवर्द्धन कार्यलाई गतिशील बनाउँदै यहाँको मौलिकता झल्किने थप आकर्षित बनाइने छ ।
  - पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक समृद्दिका विभिन्न खालका जडिबुटीहरू जस्तै: यार्सागुम्बा, जटामसी, पाँचऔँले, बिग्मा, कुटुकी, अतिस जस्ता महत्वपूर्ण स्रोतहरूको उच्चतम प्रयोग गरि परिचालन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

**अन्त्यमा,**

पुथा उत्तरगङ्गा गाउँपालिकालाई विकास र समृद्धिको यात्रातर्फ अग्रसर गराउन योगदान पुर्‍याउने विभिन्न राजनैतिक दलहरु, नागरिक समाज लगायत जनप्रतिनिधिहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी पुथा उत्तरगङ्गा गाउँपालिकाको समस्त आर्थिक, सामाजिक, भौतिक र बहु-आयामिक विकासमा आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गर्नुहुने राष्ट्रसेवक कर्मचारी, सरकारी तथा नीजि क्षेत्रका व्यक्तिहरु, बुद्धिजीवि, आम सञ्चार जगत साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ संस्था तथा पुथा उत्तरगङ्गा विकासका साझेदारहरुलाई धन्यवाद दिन चाहन्छु । साथै गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश भएका विषयहरुको कार्यान्वयनमा रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद, नमस्कार !**

पुथा उत्तरगङ्गा गाउँपालिका